वर्ष २० | अंक १६५ | काठमाडौं | शुक्रबार, ८ चैत २०८१ | Friday, 21 March 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

चितवनमा एकैपटक तीन औद्योगिक तथा व्यवसाय प्रदर्शनी हुँदै २

एनपीएलका चौकाबापत एनसेल फाउन्डेसनको सहयोग ३

ठूला औद्योगिक कोरिडोरमा ऊर्जाको ठूलै सकस ४

जीवा लामिछानेको 'अक्षत अन्टार्कटिका' लोकार्पण ८

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

कर्जा प्रवाहमा वातावरणीय तथा सामाजिक जोखिमको विश्लेषण बढ्दै

अघिल्लो वर्ष २०७९/८० को तुलनामा यो अनुपात गत आर्थिक वर्ष २०८०/८१ मा यसरी प्रवाह गरेको कर्जा दोब्बरभन्दा बढी



यादव हुमागाई

काठमाडौं

बैंकहरूले कर्जा प्रवाह गर्दा वातावरणीय तथा सामाजिक जोखिमको विश्लेषण गर्ने प्रचलन बढ्दै गएको छ। नेपाल राष्ट्र बैंकले ३ वर्षअघि १ करोड रुपैयाँभन्दा माथिको कर्जा प्रवाहमा वातावरणीय तथा सामाजिक जोखिम विश्लेषण गर्न निर्देशन दिएको थियो । यसैगरी विश्व बैंक, आईएमएफलगायत विकास साझेदार वित्तीय संस्थाहरूले पनि कर्जा प्रवाहमा यो जोखिम विश्लेषण गर्न सुझाएपछि बैंकहरूमा यसको प्रचलन बढ्दै भएको हो ।

राष्ट्र बैंकले बुधवार प्रकाशित गरेको तथ्यांकअनुसार वाणिज्य बैंकहरूले गत आर्थिक वर्ष (आव) २०८०/८१ मा कुल प्रवाह गरेको कर्जामध्ये ३३ प्रतिशत वातावरणीय तथा सामाजिक जोखिमको मूल्यांकन गरेर प्रवाह गरेका छन्। अघिल्लो वर्षको तुलनामा यो अनुपात दोब्बरभन्दा धेरै हो । आव २०७९/८० मा वाणिज्य बैंकहरूले वातावरणीय तथा सामाजिक जोखिमको मूल्यांकन गरी प्रवाह गरेको कर्जा अनुपात १४ प्रतिशत थियो ।

गत आवमा सबैभन्दा बढी राष्ट्रिय वाणिज्य बैंकले ९० प्रतिशतभन्दा बढी कर्जा वातावरणीय तथा सामाजिक जोखिमको मूल्यांकनका आधारमा मात्र प्रवाह गरेको छ । यसैगरी एन.आई.सी. एशिया बैंकले भने हालसम्म कर्जा प्रवाहमा यस्तो जोखिमको मूल्यांकन नगरेको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ ।

राष्ट्र बैंकले सन् २०१८ मा बैंकहरूका लागि वातावरणीय तथा सामाजिक जोखिमको विश्लेषण मार्गदर्शन जारी गरेको थियो । यसलाई २०२२ मा संशोधन गरी १ करोडभन्दा माथिको कर्जा प्रवाह गर्दा बैंकहरूले वातावरणीय तथा सामाजिक जोखिमको मूल्याकंन गर्नुपर्ने व्यवस्था गरेको हो ।

मार्गदर्शनको प्रावधानअनुसार अहिलेसम्म बैंकहरूलाई वातावरणीय तथा सामाजिक जोखिम मूल्यांकनको प्रावधान अनिवार्य नभएको राष्ट्र बैंकका प्रवक्ता रामु पौडेलले बताए । 'बैंकहरूले कर्जा प्रवाह गर्दा वातावरणीय तथा सामाजिक जोखिम मूल्यांकन गर्नुपर्छ भन्ने अन्तरराष्ट्रिय प्रावधान हो । केन्द्रीय बैंकले अनिवार्य नभने पनि बैंकहरू आफै सक्रिय भएर यसको कार्यान्वयन गरिरहेका छन्,' उनले भने ।

मागदर्शनको प्रावधानअनुसार बैंकहरूले वातावरणीय तथा सामाजिक जोखिम मूल्यांकन गर्न छुट्टै कार्यविधि निर्माण गरी सञ्चालक समितिबाट पारित गराई लागू गर्नुपर्छ । गत आवसम्म सबै वाणिज्य बैंकले यस्तो कार्यविधि बनाइसकेका छन् ।

यसैगरी राष्ट्र बैंकको निर्देशनमा बैंक, वित्तीय संस्थाहरूले कर्जा लगानी गर्नुपूर्व परियोजना/ उद्योगको स्थापना गर्न इजाजत/अनुमति/स्वीकृति लिन प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) र वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) आवश्यक पर्ने परियोजना/उद्योगको हकमा त्यसको प्रतिवेदन स्वीकृत भएको आधारमा कर्जा दिनुपर्ने व्यवस्था गरेको छ । तर, आईईई र ईआईए आवश्यक नहुने परियोजना/उद्योगमा इजाजतपत्र प्राप्त संस्था आफैले कर्जा लगानी गर्नुपूर्व पर्यावरणीय प्रभावको विश्लेषण गरी कर्जा प्रवाह गर्नुपर्ने उल्लेख छ ।

यसैगरी बैंकहरूलाई वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन कार्यविधि कर्जा लगानीको प्रतिवेदन प्रत्येक आव समाप्त भएको ३० दिनभित्र सुपरिवेक्षण विभागमा पेश गरिसक्न निर्देशन छ ।

चीनबाट लसुन आयातमा उच्च गिरावट

विजय दमासे

काठमाडौं

सरकारले नियन्त्रण गर्ने नीति लिएपछि उत्तरी छिमेकी चीनबाट हुने लसुन आयात गत २ महीनामा निकै तल ओर्लेको छ । भन्सार विभागको तथ्यांकअनुसार मङ्सिरमा १६ हजार ७९८ मेट्रिक टन लसुन चीनबाट आयात भएकोमा फागुनमा यो ३४९ टनमा ओर्लेको छ । माघमा पनि चीनबाट ६१० टन मात्र लसुन आयात भएको थियो ।

चालू आर्थिक वर्ष (आव) को फागुन मसान्तसम्म चीनबाट ६ अर्ब ३० करोड रुपैयाँको लसुन आयात भएकोमा फागुनमा मात्रै ४ करोड ५९ लाख रुपैयाँ बराबरको मात्र आयात भयो । चीनसँगका मुख्य नाकाहरूबाट लसुन आयात लगभग ठप्प छ । 'माघ शुरूदेखि तातोपानी नाकाबाट लसुन आयात भएको छैन,' तातोपानी भन्सार कार्यालयका सूचना अधिकारी सूर्यप्रसाद काफ्लेले आर्थिक अभियानसँग भने । 'त्यसअघि ठूलो परिमाणमा आयात हुने गर्थ्यो ।'

चीनबाट अस्वाभाविक रूपमा लसुन आयात भएको भन्दै सरकारले भन्सार बिन्दुहरूमा कडाइ गरेको थियो । नाटकीय रूपमा ठूलो परिमाणमा आयात गरिएको लसुन भारततर्फ तस्करी भएको सरकारी अध्ययनले पुष्टि गरेको छ। भारतमा लसुनको भाउ आकाशिएका बेला चीनबाट आयात गरेर भारत तस्करी गरिएको संकेत देखिन्छ । नेपालबाट औपचारिक रूपमा भारतमा लसुन निर्यात भएको खासै पाइँदैन र आयात भएको परिमाणको लसुन स्वदेशमा खपत हुने अवस्था पनि छैन ।

भारतमा लसुन उत्पादन हुने मुख्य राज्यहरू गुजरात, राजस्थान, मध्यप्रदेश र पञ्जाबका किसानले विगत वर्षहरूमा लसुनको उचित मूल्य नपाएको भन्दै अन्य उत्पादनमा हात हालेपछि उत्पादनमा असर परेको हो । यसबाहेक भारतमा सुक्खा लागेर लसुन रोप्ने र बाली भित्र्याउने चक्रमा असर गरेकाले पनि गत सिजनमा उत्पादन प्रभावित भयो ।

यसले गर्दा गत डिसेम्बरमा लसुनको भाउ प्रतिकिलो ५०० भारतीय रुपैयाँसम्म पुगेको थियो । त्यसैले भारतले अफगानिस्तानबाट पनि लसुन आयात गरेको थियो । अहिले भने भारतकै नयाँ उत्पादन बजारमा आएपछि त्यहाँ लसुनको भाउ निकै घटिसकेको छ ।

भारतमा तस्करी गर्ने हेतुले लसुन आयात गरिएको भन्दै सरकाले चीनबाट यसको आयातमा कडाइ गरेको हो । गत माघको अन्तिमतिर विराटनगरमा रहेको प्लान्ट क्वारेन्टाइन कार्यालयले चीनबाट समुद्री मार्ग हुँदै ल्याइएको २९ मेट्रिक टन लसुन रोकेको थियो। विराटनगरको गोयल इन्टरप्राइजेजले मगाएको ३७ लाख ८५ हजार १३० रुपैयाँ मूल्यको लसुनलाई क्वारेन्टाइनले प्रवेश अनुमति दिएको थिएन । नेपालमा लसुनको उत्पादन सीमित छ, जुन देशभित्रै खपत हुने गरेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका एक उच्च अधिकारीले बताए ।

मन्त्रालयका अनुसार नेपालमा आव २०७९/८० मा ९ हजार ५७० हेक्टर क्षेत्रफलमा लसुन खेती गरिएकामा ७३ हजार ५६७ टन उत्पादन भएको तथ्यांक छ ।

आव २०७८/७९ मा नेपालले ९ हजार ९४३ हेक्टर क्षेत्रफलमा खेती गरेकामा ७४ हजार ७६३ टन लसुन उत्पादन भएको देखिन्छ । आव २०७७/७८ मा ९ हजार ७८४ हेक्टर क्षेत्रफलमा लसुन खेती गरिएकामा ७२ हजार ४९० टन उत्पादन भएको मन्त्रालयको तथ्यांकले देखाउँछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका एक अधिकारीले केही महीनाअघि चीनबाट अस्वाभाविक लसुन आएको जानकारीपछि अध्ययन गरिएको बताएका छन् । केन्द्रका निमित्त प्रमुख प्रकाश पौडेलका अनुसार अध्ययनपछि हालैमात्र चीनबाट नेपालमा लसुन आयात गर्न नेपाल राष्ट्रिय एकद्वार प्रणाली (नेपाल नेशनल सिंगल विन्डो) मा प्राप्त भएका 'इन्ट्री परमिट'को अनुरोध स्वीकृत गर्दा आयातकर्ताहरूले पठाएका विवरणहरू नयाँ मापदण्डअनुसार आए/नआएको हेर्न सबै कार्यालयलाई पत्राचार गरिएको छ ।

कुन शर्तमा चिनियाँ लसुन आयात गर्न सकिन्छ ?



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

फोन: ०१-५५२१६९७, ०१-५५२४३६२
०१-५५५३७९८
फ्याक्स: ०१-५०१०११२
इमेल: info@npponepal.gov.np
वेबसाइट: www.npponepal.gov.np

प.सं: २०८१/८२
च.नं.: ३१७

मिति २०८१/१२/०६

विषय: चिनिया लुसुनको Entry Condition पठाईएको सम्बन्धमा ।

श्री सबै क्वारेन्टाइन कार्यालयहरु ।

उपरोक्त विषयमा चीनबाट नेपालमा लसुन आयात गर्नको लागि NNSW मा प्राप्त भएका Entry Permit का Request हरु Approve गर्दा आयातकर्ताहरुले Attachment मा Proforma Invoice (PI) र यसै पत्रसँगै संलग्न गरिए अनुसार आयातका शर्त सम्बन्धी आयातकर्ता र कार्यालयबीच भएको Agreed document समेत upload भएको सुनिश्चित भएपश्चात निर्धारित शर्तहरु NNSW window को Header Section अन्तर्गत उपलब्ध Remarks Fieldमा Special Entry Condition भित्र उल्लेख गरेर मात्र Entry Permit Approve गर्नु हुन निर्देशानुसार अनुरोध छ। साथै एक प्रति Approved Entry Permit नमूनाको लागि यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

प्रकाश पौडेल
नि.प्रमुख

पछिल्लो ६ महीनामा चीनबाट आयात

महीना	परिमाण (मेट्रिक टन)
असोज	५,९९८.३७
कात्तिक	६,३६७.४८
मङ्सिर	१६,७९८.९७
पुस	६,२९३.७३
माघ	६१०.२६
फागुन	३४९.००

स्रोत : भन्सार विभाग

रुस–अमेरिका वार्ता सोमवार साउदीमा

मस्को । रुसी राष्ट्रपतिका सहयोगी युरी उसाकोभले रुस र अमेरिकाबीच युक्रेनको विषयमा अर्को चरणको वार्ता आउने सोमवार साउदी अरबको रियादमा हुने बताएका छन्। उसाकोभले रुसी प्रतिनिधिमण्डलको नेतृत्व रुसको माथिल्लो सदनमा अन्तरराष्ट्रिय मामिलासम्बन्धी समितिका अध्यक्ष ग्रिगोरी कारासिन र रुसको संघीय सुरक्षा सेवाका प्रमुखका सल्लाहकार सर्गेई बेसेडाले गर्ने बताए । *एजेन्सी*



दोस्रो बजारमा अड लट कारोबार ३७ प्रतिशतले घट्यो

अभियान संवाददाता

काठमाडौं

चालू आर्थिक वर्ष २०८१/८२ मा धितोपत्रको दोस्रो बजारमा धितोपत्रको अड लट कारोबार अघिल्लो आर्थिक वर्ष (आव) को तुलनामा स्वात्तै घटेको छ ।

दोस्रो बजार सञ्चालक नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) का अनुसार चालू आवको फागुन मसान्तसम्म ४ अर्ब २० करोड ७२ लाख रुपैयाँ बराबरको अड लट कारोबार भएको छ, जुन अघिलो आवको सोही अवधिको तुलनामा झन्डै ३७ प्रतिशत कम हो ।

समीक्षा अवधिमा कारोबार भएको धितोपत्रको संख्यामा पनि ५९ प्रतिशतले गिरावट आएको छ। धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ अनुसार १०० रुपैयाँ अंकित मूल्य भएको धितोपत्र १० कित्ताभन्दा कम र १० रुपैयाँ अंकित मूल्य भएको धितोपत्र १०० कित्ताभन्दा कमको कारोबारलाई अड लट कारोबार भनिन्छ । त्योभन्दा बढी धितोपत्र भएका धितोपत्र धनीहरूले आफूसँग भएको धितोपत्रलाई अड लटमा कारोबार गर्न पाउँदैनन् ।

मिति	कारोबार रकम (रू १० लाख)	कारोबार कित्ता (हजार)
२०८१ फागुनसम्म	४,२०७.२६	९,५११.८३
२०८० फागुनसम्म	६,६५४.३५	२३,२५३.२८
फरक प्रतिशत	-३६.७७	-५९.०९

स्रोत : नेपाल स्टक एक्सचेन्ज लिमिटेड

प्राविधिक रूपमा कारोबार गर्न कठिन रहेका कारण पछिल्लो समय अड लट कारोबार घट्दो क्रममा रहेको नेप्सेका प्रवक्ता मुराहरि पराजुलीको भनाइ छ । अड लटको शेयर खरीद गर्ने लगानीकर्ताका लागि होस् या विक्री गर्ने लगानीकर्ताका लागि मार्केट डेप्थमा तथ्यांक सार्वजनिक नहुँदा अन्दाजको भरमा अर्डर राख्नुपर्ने र त्यसो गर्दा विक्री नहुने र खरीद मागबमोजिम शेयर नआउने समस्या रहेको पराजुली बताउँछन् ।

यी समस्याले गर्दा अड लटमा शेयर भए थप शेयर खरीद गरेर विक्री गर्ने लगानीकर्ता बढेसँगै अड लटको कारोबार घट्न गएको उनले अनुमान लगाए । अड लट कारोबारको तथ्यांक नेप्सेको परिसूचकसँग नजोडिने अर्थात् वास्तविक कारोबारमा गणना नहुने भएकाले मार्केट डेप्थमा नदेखाइएको पराजुलीले बताए ।

लगानीकर्ताले शेयर कित्ता र मूल्यसमेत उल्लेख गरेर सामाजिक सञ्जालमार्फत नै अड लट कारोबारका लागि आग्रह गर्नुपर्ने समस्या रहेको कतिपयले गुनासो गरेको देखिन्छ । पुराना लगानीकर्ता डम्बरुवल्लभ घिमिरेले साना लगानीकर्तामा बोनस शेयर वितरणको समयमा अड लटमा शेयर हुने र त्यसको कारोबारमा समस्या हुने बताए ।

कतिपय लगानीकर्तालाई अड लटमा कारोबार हुन्छ भन्ने जानकारीसमेत नभएको घिमिरे बताउँछन् । अड लट कारोबारमा समस्या भएकै कारण जानकारी हुने लगानीकर्ताले थप १० कित्ता शेयर खरीद गरी १५ कित्ता बनाएर विक्री गर्ने गरेकाले पछिल्लो समय अड लट कारोबार घटेको घिमिरेको अनुमान छ । २०७९ साल वैशाखअघि शुक्रवार मात्र अड लट कारोबार हुने गरेकोमा त्यसपछि हरेक दिन यसको कारोबार गर्न सकिने व्यवस्था नेप्सेले गरेको छ ।

औद्योगिक क्षेत्रमा लोडशेडिङ हटाउन माग

अभियान संवाददाता

काठमाडौं

व्यावसायिक संगठनहरूले हाल औद्योगिक क्षेत्रमा अघोषित रूपमा लोडशेडिङ भइरहेको बताउँदै यो समस्या समाधान गर्न माग गरेका छन् ।

निजीक्षेत्रका दुई छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघले छुट्टाछुट्टै विज्ञप्ति जारी गरी यस्तो माग गरेका हुन् । महासंघले औद्योगिक क्षेत्रमा पटकपटक दोहोरिने घोषित/अघोषित लोडशेडिङप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ । 'औद्योगिक क्षेत्रहरूमा १२ घण्टासम्मको अनियमित तथा अग्रिम जानकारीविना गरिएको विद्युत् कटौतीले औद्योगिक उत्पादन र व्यावसायिक वातावरणमा गम्भीर असर पुगेको छ,' विज्ञप्तिमा भनिएको छ ।

'लोडशेडिङका कारण उद्योगहरू ठूलो समस्यामा परेका छन् । नियमित तथा आकस्मिक विद्युत् अवरोधले उद्योगहरूको निरन्तर सञ्चालन अवरुद्ध हुँदा उत्पादन प्रक्रियामा अनपेक्षित असर पुऱ्याइरहेको छ, जसका कारण उत्पादनमा भारी गिरावट आएको छ ।'

बारम्बार दोहोरिने विद्युत् आपूर्तिको अस्थिरताले मेशिनरी र अन्य उपकरणहरूमा क्षति पुऱ्याई मर्मतसम्भार र प्रतिस्थापनमा उद्योगहरूले ठूलो आर्थिक भार बेहोरेको महासंघले बताएको छ । साथै यस्तो समस्याले मुलुकमा दीर्घकालीन रूपमा आर्थिक संकटको जोखिम बढाउने सम्भावना रहेको बताइएको छ ।

त्यसैगरी परिसंघले उद्योगहरूमा लोडशेडिङ गरिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको बताएको छ। उद्योगहरूमा १२ घण्टासम्म विद्युत् उपलब्ध नगराइँदा उत्पादन लागत बढ्नुका साथै उत्पादनमा गम्भीर असर परेको परिसंघको भनाइ छ ।

यस्तो अवस्थाले मुलुकमा लगानीको वातावरणमा गम्भीर असर पार्नुका साथै नयाँ उद्योग स्थापना गर्न र उद्योग विस्तार गर्न गम्भीर भएर सोच्नुपर्ने गरी सशंकित बनाएको भन्दै स्वदेशी उद्योगहरूको प्रवर्द्धन गर्न र निजीक्षेत्रको मनोबल बढाउन कानूनहरूमा सुधार गर्दै लगानीको वातावरण बनाउन सरकारले प्रयास गर्नुपर्ने परिसंघले बताएको छ ।

औद्योगिक क्षेत्रमा लोडशेडिङले मुलुकमा लगानीको वातावरणमा गम्भीर असर पार्नुका साथै नयाँ उद्योग स्थापना गर्न र उद्योग विस्तार गर्न गम्भीर भएर सोच्नुपर्ने गरी सशंकित बनाएको छ ।

नेपाल उद्योग परिसंघ

औद्योगिक क्षेत्रहरूमा १२ घण्टासम्मको अनियमित तथा अग्रिम जानकारीविना गरिएको विद्युत् कटौतीले औद्योगिक उत्पादन र व्यावसायिक वातावरणमा गम्भीर असर पुगेको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ

पाँचौं नेको कर्पोरेट फुटसल प्रतियोगिता हुँदै

काठमाडौं (अस) । नेको इन्सुरेन्स लिमिटेडले पाँचौं कर्पोरेट फुटसल प्रतियोगिता आयोजना गर्ने भएको छ । प्रतियोगिता चैत ९ गते शनिवार धन्यन्तरी फुटसल, धुम्बाराहीमा हुने जानकारी दिइएको छ । प्रतियोगितामा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूले भाग लिनेछन् । प्रतियोगिता सहभागी हुने टिमहरू चार समूहमा विभाजित छन् । समूह 'ए'मा नेको इन्सुरेन्स (ए), एनएमबि बैंक, ज्योति विकास बैंक र महालक्ष्मी विकास बैंक रहेका छन् । समूह 'बी'मा माछापुच्छ्रे बैंक, कुमारी बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक र प्रभु बैंक छन् भने समूह 'सी'मा सिद्धार्थ बैंक, एभरेष्ट बैंक, लुम्बिनी विकास बैंक र ग्लोबल आइएमई बैंक रहेका छन् । यसैगरी समूह 'डी'मा नेको इन्सुरेन्स (बी), गरिमा विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक रहेका छन् । यो प्रतियोगिताले कर्पोरेट जगत्का कर्मचारीहरूबीचको आपसी मित्रता, सहकार्य र खेलकुदप्रतिको रुचिलाई प्रवर्द्धन गर्ने विश्वास लिइएको छ ।

हिमालय टिभी एनएसएलको प्रसारण साझेदार

काठमाडौं (अस) । एनसेल नेपाल सुपर लिग (एनएसएल) सिजन ३ को आधिकारिक प्रसारण साझेदार हिमालय टिभी रहने भएको छ । हिमालय टिभीले रोमाञ्चक क्षणसहित सबै लिगका खेलको प्रत्यक्ष प्रसारण गर्ने बताइएको छ । नेपालको पहिलो फ्रेन्चाइज फुटबल प्रतियोगिता एनएसएलले राष्ट्रिय फुटबललाई तीव्र गतिमा उचाईमा पुऱ्याएको बताइएको छ । यो साझेदारीले नेपाली फुटबललाई दर्शकको नजिक लैजाने र देशभरका एनएसएल प्रशंसकका लागि यो सुन्दर खेलको मजालाई थप रमाइलो बनाउने अपेक्षा गरिएको छ । साझेदारीको बारेमा जानकारी दिँदै एनएसएलका प्रबन्ध निर्देशक श्रेयांस कार्कीले एनसेल एनएसएल सिजन ३ को लागि आधिकारिक प्रसारण साझेदारको रूपमा उच्च गुणस्तरको स्क्रिनिङ प्रशारण गर्ने विशेषज्ञता र बलियो प्राविधिक ज्ञानले लिगसँग प्रशंसकलाई जोड्न सजिलो बनाउने बताए ।

बाँसका सामग्री निर्माणसम्बन्धी तालीम

काठमाडौं (अस)। ललितपुरको गोदावरी नगरपालिका-४ बडिखेलमा बाँसका सामग्री निर्माणसम्बन्धी शीप विकास तालीम शुरू भएको छ । चैत २० गतेसम्म चल्ने तालीमको बुधवार गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन र चिनियाँ दूतावासका कन्सुलर ची वाङले संयुक्त रूपमा उद्घाटन गरेका हुन् । तालीममा गोदावरी नगरपालिकाका विभिन्न वडाबाट छानिएका २२ जना प्रशिक्षार्थी सहभागी छन् । विशेषगरी यस क्षेत्रमा पहरी र नगरकोटी समुदायका व्यक्ति बाँसका सामग्री बनाएर आफ्नो जीविकोपार्जन गर्दै आएका छन् । उनीहरूको थप शीप विकास गर्न र व्यावसायिक बनाउन तालीमको आयोजना गरिएको बताइएको छ ।

सोसल डेभलपमेन्ट भिजन ललितपुरको आयोजनामा शुरू भएको तालीमलाई चीनको सिजाङ (तिब्बत)मा मुख्यालय रहेको गुडविल फाउण्डेसन र काठमाडौंमा रहेको नेपाल-चाइना कैलाश कल्चर प्रमोशन डेभलपमेन्ट एसोसिएसनले सहयोग गरेका छन् । स्थानीय साझेदारको रूपमा गोदावरी नगरपालिका र गोदावरी उद्योग वाणिज्य संघ रहेका छन् । ग्रीन ब्याम्बो क्रियशनले तालीम सञ्चालनका लागि प्राविधिक सहयोग गरेको बताइएको छ ।

गोदावरी नगरपालिकाका प्रमुख महर्जनले गोदावरीले यो तालीमलाई अवसरको रूपमा लिएको बताए । महर्जनले बाँसका सामग्री निर्माणसम्बन्धी शीप विकासले यस क्षेत्रका जनताको आम्दानीमा वृद्धि गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । गुडविल फाउण्डेसन तिब्बतका अध्यक्ष जेजियानले तालीममा बाँसको चोयाबाट विभिन्न सामग्री निर्माण गर्न सिकाइने बताए । उनले चोयाको माध्यमबाट जीवन कसरी आर्थिक रूपमा समृद्ध बनाउने भन्ने तालीममा सिकाइने भन्दै यसबाट नेपाल र चीनका बीचमा शीप आदानप्रदान पनि हुने उल्लेख गरे ।

चितवनका खेलाडीलाई पुष्पाञ्जली अस्पतालमा छूट

चितवन (अस) । चितवनका विभिन्न विधाका खेलाडी र परिवारका सदस्यले पुष्पाञ्जली अस्पतालमा उपचार गर्दा २५ प्रतिशतसम्म छूट पाउने भएका छन् । चितवन जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजन कार्की र अस्पतालका प्रबन्ध निर्देशक सुजन अधिकारीबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सम्झौतापत्रमा खेलाडी तथा परिवारका सदस्यको स्वास्थ्य परीक्षणमा २५ प्रतिशतका साथै प्रयोगशाला परीक्षण, वेड सेवा, ईसीजी, भिडियो एक्सरे, सिटी स्क्यान लगायतका सेवामा खेलाडीले २५ प्रतिशतसम्म छूट सुविधा पाउनेछन् । यस्तै औषधिमा ७ प्रतिशत छूट गरिएको छ । अस्पतालका वरिष्ठ फिजिसियन डाक्टर भोजराज अधिकारीले खेलाडी राष्ट्रको गहना भएको बताउँदै खेलाडीको स्वास्थ्यप्रति अस्पतालको पनि दायित्व रहेको बताए । समितिका अध्यक्ष कार्कीले अस्पतालले खेलाडीप्रति देखाएको सद्भाव सहुलीयतको प्रशंसा गरे । चितवनमा सबै विधाका गरी करीब २५ हजार खेलाडी रहेको तथ्यांक छ ।

तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

काठमाडौंको बौद्ध स्तुपा नजिक खाप्से खरीद गर्दै महिलाहरू । पहिले शेर्पा लगायत सीमित समुदायमा प्रचलित यो परिकार अहिले खाजाका रूपमा धेरै ठाउँमा लोकप्रिय छ ।

मस्तिष्क पक्षाघातको औषधि निःशुल्क उपलब्ध हुने

काठमाडौं । मस्तिष्क पक्षाघात (ब्रेनस्ट्रोक) भएका बिरामीलाई तीनओटा सरकारी अस्पतालबाट औषधि निःशुल्क उपलब्ध गराइने भएको छ । अमेरिकी दातृ संस्था 'डाइरेक्ट रिलिफ'को सहयोग र नेपालको 'वन हर्ट वर्ल्डवाइड'को सहजीकरणमा उक्त औषधि उपलब्ध भएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिहीवार पत्रकार सम्मेलन गरी प्रारम्भिक चरणमा वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल र भरतपुर अस्पतालमा यी औषधि उपलब्ध हुने जनाएको छ ।

औषधि हस्तान्तरण कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मष्तिष्क पक्षाघातमा आवश्यकपर्ने महँगो औषधि उपलब्ध गराएकोमा संस्थाप्रति आभार व्यक्त गरे । उनले भने, 'यो औषधि राज्य कोषबाट किनेर आवश्यक पर्नेलाई उपलब्ध गराउन गाह्रो थियो । आवश्यकताअनुसार अरू अस्पतालमा पनि वितरण गर्ने लक्ष्य

छ । दातृ संस्थासँग अरू महँगा औषधि पनि माग गरेका छौं ।'

स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखा निर्देशक डा. पवनजंग रायमाझीले मस्तिष्क पक्षाघातमा अत्यावश्यक र ज्यान जोगाउन सकिने औषधि प्राप्त भएको बताए । उनका अनुसार ८०० भाइल 'अल्टिप्लेस' औषधि उपलब्ध भएको छ ।

उनले भने, 'मस्तिष्कमा रहेका रक्तनलीमा अकस्मात् रगत जम्दा मस्तिष्क पक्षाघात हुने सम्भावना हुन्छ । यदि यस्तो व्यक्तिमा साढे चार घण्टाभित्र यो औषधि प्रयोग गर्न सकेमा बिरामीको ज्यान जोगिन्छ ।'

डा. रायमाझीका अनुसार यो औषधि एक भाइलमा २० मिलिग्राम हुने र एउटै भाइलको रू. ७० हजार पर्दछ । उनले भने, 'यो औषधि प्रयोग गर्न दक्ष स्वास्थ्यकर्मी (न्युरोलोजिस्ट)को आवश्यकता पर्दछ । त्यसैले शुरुआती चरणमा तीनओटा अस्पतालबाट दिने सोचेका छौं । पछि आवश्यकताअनुसार सबै प्रदेशका संघीय अस्पतालमा उपलब्ध हुन्छ ।'

यो औषधिलाई स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाको 'कोल्ड चेन'मा २ देखि ८ 'सेन्टिग्रेड'मा भण्डारण गरिएको र आवश्यकताअनुसार उपलब्ध गराइने उनले जनाए । नेपालमा एक वर्षमा ३०० देखि ४०० को संख्यामा पक्षाघातका बिरामी उपचारका लागि स्वास्थ्य संस्था आउने गरेका छन् । *रासस*

चितवनमा एकैपटक तीन औद्योगिक तथा व्यवसाय प्रदर्शनी हुँदै

चितवन (अस) । चितवन उद्योग संघले एकैपटक तीनओटा प्रदर्शनी गर्ने भएको छ । नवौं अन्तरराष्ट्रिय औद्योगिक प्रदर्शनी २०८१ मा एकैपटक तीनओटा प्रदर्शनी गर्न लागिएको हो । संघले यही चैत १४ गतेदेखि १८ गतेसम्म चितवन प्रदर्शनी केन्द्रमा नवौं अन्तरराष्ट्रिय औद्योगिक प्रदर्शनी आयोजना गर्दै छ । सोही क्रममा प्रदेशस्तरीय चित्रकला प्रतियोगिता तथा प्रदर्शनी २०८१ र स्वदेशी जुत्ता चप्पल प्रवर्द्धन तथा व्यापार मेला गर्न लागिएको बिहीवार भरतपुरमा पत्रकार सम्मेलन आयोजना गरी जानकारी गराइएको छ । संघको प्रदर्शनी तथा व्यापार प्रवर्द्धन समितिका संयोजक दिनुपकुमार बरालका अनुसार औद्योगिक प्रदर्शनीमा औद्योगिक मेशिनरी तथा प्रविधि (प्रोसेसिङ, पोल्ट्री, डेरी, फुड एण्ड बेभरेज, चिया), निर्माण उद्योगका मेशिनरी तथा प्रविधि र निर्माण सामग्री राखिनेछ ।

प्रदर्शनीबाट लघु, घरेलु तथा साना उद्योगलाई उपयोगी हुने नवीनतम प्रविधि अवलम्बन गरी औद्योगिक उत्पादकत्व वृद्धिमा सहयोग पुग्ने विश्वास लिइएको उनले बताए । नवप्रवर्तन र नयाँ प्रविधिबारे जानकारी गराउँदै युवालाई उद्यमशीलतामा प्रोत्साहन गर्ने, सुस्ताएको अर्थतन्त्रलाई चलायमान बनाउन यो प्रदर्शनी सहयोगी बन्ने उनको भनाइ छ । प्रदर्शनीमा २ सयभन्दा बढी स्टल रहने बरालले बताए । उनका अनुसार औद्योगिक प्रदर्शनी ५० हजारभन्दा बढी स्वदेशी तथा विदेशीले अवलोकन गर्ने अनुमान लिइएको छ ।

प्रदर्शनीकै क्रममा बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयको प्रवर्द्धन सहयोगमा प्रदेशस्तरीय चित्रकला प्रतियोगिता तथा प्रदर्शनी २०८१ गर्न लागिएको छ । बागमती प्रदेशका ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाहरूको चित्रण हुनेगरी प्रत्यक्ष रूपमा कोरिएका चित्रहरूबीच प्रतियोगिता गराइनेछ ।

यस्तै, चैत १४ गतेदेखि वैशाख ९ गतेसम्म स्वदेशी जुत्ता चप्पल प्रवर्द्धन तथा व्यापार मेला गरिने भएको छ । स्वदेशी उत्पादनको प्रवर्द्धन, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले मेला आयोजना गर्न लागिएको बताइएको छ । सो मेलामा एक हजार पाँच सयभन्दा बढी मोडलका १५ भन्दा बढी ब्रान्डका जुत्ता चप्पल विक्रीका लागि राखिनेछ । मेलामा १५ हजार जोरभन्दा बढी जुत्ता चप्पल विक्री हुने, जसको कारोबार रकम रू. १ करोड ५० लाख बराबर हुने अनुमान गरिएको छ । मेला १ लाखभन्दा बढीले अवलोकन गर्ने अनुमान गरिएको बरालले जानकारी दिए । संघका कार्यवाहक अध्यक्ष मदन घिमिरेले निर्यातमुखी उद्योगलाई प्राथमिकतामा राखेर प्रदर्शनी गर्न लागिएको जानकारी दिए । सुस्ताएको आर्थिक गतिविधि चलायमान बनाउन र साना उद्योगलाई प्रवर्द्धन गर्ने उद्देश्यले औद्योगिक प्रदर्शनी गर्न लागिएको घिमिरेले बताए । यसले औद्योगिक क्षेत्रको प्रवर्द्धनका लागि सहयोग पुग्ने उनको भनाइ छ ।

'सुपर जोन र जोन कार्यक्रम'ले बढायो उत्पादन

सुदूरपश्चिम । कैलालीमा गहुँको सुपर जोन र चैते धानको जोन कार्यक्रमले उत्पादन बढाएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सञ्चालित सुपर जोन र जोन कार्यक्रमले गहुँ र चैते धानको उत्पादन बढाएको हो । खेतमा फस्टाएको गहुँ बाली देखेर कैलारी गाउँपालिका-५ का किसान दीपक चौधरी खुशी छन् । दीपकसहित यहाँका किसानले 'सुपर जोन' कार्यक्रममार्फत गहुँखेती गरिरहेका छन् ।

'सुपर जोन कार्यक्रममा समेटिएपछि पहिलेभन्दा गहुँको उत्पादकत्व वृद्धि भएको छ । करिब १५ बिघा जग्गा भाडामा लिएर गहुँखेती गरिरहेको छु,' चौधरीले भने, 'पहिले प्रतिबिघा १२-१३ क्विन्टल गहुँ फल्नेमा सुपर जोन कार्यक्रममा समेटिएपछि २० क्विन्टलसम्म फल्न थालेको छ ।'

भजनी नगरपालिका-३ दुसी गाउँका सीताराम चौधरी धानबालीमा सञ्चालित जोन कार्यक्रममार्फत चैते धानखेती गरिरहेका छन् । यहाँका किसानले करीब पाँच सय बिघामा यो धान रोप्ने तयारी गरिरहेका छन् ।

'शुरूका वर्षमा आफूले बीउ ल्याएर चैते धान रोप्दा गाउँलेले आफूलाई चैतमा पनि धान रोपेको भन्दै बौलाएको भन्थे । अहिले यहाँका अधिकांश किसानले यसको खेती गर्न थालेका छन्,' सीतारामले भने, 'वैशाख र जेठमा चैते धानलाई मौसम अनुकूल हुने भएकाले वर्षे धानको तुलनामा उत्पादन बढी हुने गरेको छ ।' प्रतिबिघामा ४५ क्विन्टलसम्म चैते धान फल्ने अनुभव सुनाउँदै उनले गहुँको सुपर जोन र चैते धानको जोन कार्यक्रमले उत्पादन वृद्धि भएको बताए ।

भजनी क्षेत्रमा काँडा, पथरैया र कान्द्रा नदीले वर्षायाममा निम्त्याउने डुबानका कारण वर्षे धानबाली नष्ट हुने गरेको किसान बताउँछन् । डुबानको समस्या बढ्दै जान थालेपछि यहाँका किसानले विकल्पको रूपमा चैते धानखेती गर्न थालेका हुन् ।

'वर्षामा खेतमा डुंगा चलाउन मिल्नेगरी हुने डुबानको समस्याले वर्षे धान बाली नष्ट हुने गरेको छ,' सीतारामले भने, 'वर्षामा हुने धानखेतीको विकल्पमा अधिकांश किसानले चैते धान लगाउन थालेका छन् ।' किसानले डुबान नहुने समयमा चैते धानखेती गर्न थालेका भन्दै उनले जोन कार्यक्रम सञ्चालन भएपछि किसान थप उत्साहित भएको उनको भनाइ छ ।

आर्थिक वर्ष २०७८/७९ देखि जिल्लामा चैते धानको जोन कार्यक्रम शुरू भएको थियो । भजनी नगरपालिकाभित्र शुरूमा पाँच सय हेक्टरमा खेती गरिएको हाल यसको क्षेत्रफल विस्तार गरी एक हजार हेक्टर पुऱ्याइएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालयले जनाएको छ ।

परियोजना कार्यान्वयन इकाई धनगढीका प्रमुख गोविन्दराज जोशीले भजनी नगर क्षेत्र, जोशीपुर र जानकीनगर गाउँपालिकामा चैते धानअन्तर्गत 'जोन कार्यक्रम' कार्यान्वयन भइरहेको जानकारी दिए । उनका अनुसार गौरीगंगा, भजनी र घोडाघोडी नगरपालिका, बर्दगोरिया, जोशीपुर र जानकीनगर गाउँपालिकामा गहुँ बालीको 'सुपर जोन कार्यक्रम' सञ्चालन भइरहेको छ ।

गहुँ बालीको कार्यक्रमअन्तर्गत शुरूका वर्षमा एक हजार हेक्टर क्षेत्रफलमा खेती गरिएकोमा हाल क्षेत्रफल विस्तार गरी तीन हजार हेक्टर पुऱ्याइएको भन्दै जोशीले जिल्लाको घोडाघोडी, भजनी नगरपालिका र बर्दगोरिया, जानकीनगर गाउँपालिकामा तेलहन जातको खेती भइरहेको उल्लेख गरे ।

चालु आवदेखि धनगढी उपमहानगर क्षेत्रका साथै घोडाघोडी, भजनी र कैलारी गाउँपालिका क्षेत्रमा 'माछा जोन' कार्यक्रम कार्यान्वयन गरिएको इकाई प्रमुख जोशीले जानकारी दिए । उजका अनुसार यो कार्यक्रमअन्तर्गत माछापालनमा सहभागी किसानलाई प्राकृतिक तालतलैयाको सुधार, आधुनिक यन्त्र तथा उपकरणको सुविधा, नयाँ पोखरी निर्माण, प्रविधिको व्यवस्थालगायत सहयोग उपलब्ध गराउँदै आएको छ ।

कृषक समूह, सहकारी संस्था र कृषि उद्यमीमार्फत सञ्चालन भइरहेको सुपर जोन र जोन कार्यक्रम कार्यान्वयनका लागि परियोजना कार्यालयले उन्नत जातका बीउ, मलखाद, सिँचाइ, कृषियन्त्र, माटो परीक्षण, प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनलगायत सहयोग गरिरहेको प्रमुख जोशीले बताए ।

'सुपर जोन र जोन कार्यक्रम कार्यान्वयनसँगै पहिलेको भन्दा बालीको उत्पादकत्व पनि वृद्धि भएको छ,' उनले भने 'बालीका लागि उर्वर मानिने जग्गामा ती कार्यक्रम सञ्चालनका लागि छनोट गरी खेती गर्न किसानलाई उन्नत जातका बीउ, सिँचाइ, यन्त्रलगायत प्रविधिमा सहयोग उपलब्ध गराइरहेका छौं ।' *रासस*

बेनीघाट-आरुघाट लार्के सडकको ४२ किमी ट्र्याक खुल्यो

गोरखा । जिल्लालाई चीनको तिब्बतसँग जोड्ने उद्देश्यले नेपाली सेनाले निर्माण गरिरहेको बेनीघाट-आरुघाट लार्के सडकको हालसम्म ४२ किलोमिटर (किमी) ट्र्याक खुलेको छ । नेपाली सेनाको सडक निर्माण कार्यदलका सेनानी पूर्णचन्द्र ढकालका अनुसार नेपाली सेनाले ट्र्याक खुलाएको ४२ किमीमध्ये ३६ किमीसम्म मोटर चल्न थालेको छ । चुमनुब्री गाउँपालिका-३ पेवासम्म मार्ग खनिएको छ । पाङ्सिङसम्म मोटर पुगेको छ । मार्ग खनेपछि बाटो सफा नगरेकाले बाँकी सात किमी खण्डमा गाडी चलाउन नसकिएको उनले बताए ।

बेनीघाट, आरुघाट, लार्के सडकको एक सय ५४ किमीमध्ये हावाडाँडाबाट ९२ किमी सडकको काम नेपाली सेनाले गरेको हो । चीनको सीमा लार्के भन्ज्याङसम्मको एक सय ५४ किमी खण्डमध्ये बेनीघाटबाट हावाडाँडासम्मको ६२ किमीसम्मको काम भने गोरखा सडक योजना कार्यालयले गरेको हो । सेनाले ट्र्याक खोलेर गाडी चल्न सक्ने बनाएको दोभानसम्मको खण्ड पनि गोरखा सडक योजना कार्यालयलाई हस्तान्तरण गरेको छ ।

सडक योजना कार्यालय र सेनाले निर्माण गरेको गरी ९७ किमी खण्डमा सवारीसाधन चल्न थालेका छन् । बर्खाका बेला पनि सवारीसाधन आवागमन गर्न सजिलोका लागि नेपाली सेनाले माछीखोलामा बेलीब्रिज निर्माण गरेको सेनानी ढकालले जानकारी दिए । उनका अनुसार यो आर्थिक वर्ष दुई किमी ट्र्याक खन्नका लागि नेपाल सरकारबाट रू. सात करोड विनियोजन भएको छ । विनियोजित बजेटअन्तर्गत गर्नुपर्ने काम लगभग सकिएको उनले बताए ।

'दुई किमी ट्र्याक खन्ने काम अन्तिम चरणमा छ, यही चैतभित्र सकिन्छ,' सेनानी ढकालले भने, 'यो वर्ष ट्र्याक खन्न रू. सात करोड आएको थियो । त्यो बजेटले गर्नुपर्ने काम लगभग गरिसक्यौं ।' यो वर्ष पाङसिङ भिर, न्याक फेदी, रुविनाला र पेवा भिर गरी चार खण्डमा ब्लाष्टिङ गरी ट्र्याक खोल्ने काम गरेको उनले बताए ।

बेनीघाटबाट आरुघाट हुँदै आर्खेतसम्म सडक निर्माणको काम २०५२ सालमा शुरू भएको थियो । आर्थिक वर्ष २०६३/६४ मा 'बेनीघाट आरुघाट लार्केभञ्ज्याङ' सडक नामकरण गरिएको थियो । आव २०६६/६७ मा मात्र उक्त सडक निर्माण शुरू भएको थियो ।

कठिन मानिएको ९२ किमी खण्डको काम गर्न सडक विभागले २०७४ वैशाखमा नेपाली सेनालाई हस्तान्तरण गरेको हो । २०७३ मङ्सिरमा मन्त्रिपरिषद् बैठकबाट निर्णय भएपछि नेपाली सेनाले २०७४ वैशाखदेखि काम शुरू गरेको थियो । उक्त सडक धार्चे गाउँपालिकाको लापुबेंसी, माछाखोला, जगत हुँदै चुमनब्री गाउँपालिकाको सिर्दिबस, बिही, प्रोक, सामागाउँ, साम्दो हुँदै चीनको सीमा लार्केभञ्ज्याङ जोडिनेछ । उक्त सडकलाई उत्तरी गोरखाको लाइफ लाइनका रूपमा हेरिएको छ । *रासस*

बेनी-जोमसोम-कोरला खण्डमा ८५ प्रतिशत काम सकियो

मुस्ताङ । उत्तर-दक्षिण व्यापारिक मार्ग विस्तारित आयोजनाअन्तर्गत कालिगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला खण्डमा हालसम्म ८५ प्रतिशत काम सकिएको छ । चालू आर्थिक वर्षमा थपिएका ९ ओटा आयोजनाबाहेक उक्त खण्डको समग्र भौतिक निर्माण सम्पन्न हुने चरणमा पुगेको हो ।

बेनी-जोमसोम-कोरला सडक आयोजनाका सूचना अधिकारी विष्णु चापागाईंका अनुसार सडक स्तरोन्नतितर्फ ८५ प्रतिशत र पुलपुलेसातर्फ ८४ प्रतिशत भौतिक प्रगति भइसकेको छ । उत्तरी कोरलानाका जोड्ने राष्ट्रिय गौरवको उक्त आयोजना आर्थिक वर्ष (आव) २०७३/७४ देखि निर्माण शुरू भएको उनले जानकारी दिए । आयोजनाअन्तर्गत सञ्चालनमा रहेका सडक कालोपत्रतर्फ साना ठूला गरी सात र सडक ग्राभेलतर्फ ६ ओटा सडक निर्माण सम्पन्न भएको आयोजनाका सूचना अधिकारी चापागाईंले जानकारी दिए । उनका अनुसार सडक कालोपत्रतर्फ म्याग्दीको बेनी कालीपुल, बेनी गलेश्वर, तातोपानीबाट कैकु, कैकुबाट कोवाङ र जोमसोम कागबेनी खण्ड गरी सात चरणमा सडक कालोपत्र तथा स्तरोन्नति सम्पन्न भइसकेको छ ।

ग्राभेलतर्फ जोमसोम-कोरलासम्म ६ चरणमा काम सम्पन्न भएको भन्दै चराङ-छोसेर २५ किलोमिटर ग्राभेलको काम अन्तिम चरणमा पुगेको सूचना अधिकारी चापागाईंले जानकारी दिए । उनका अनुसार कोरला राजमार्गतर्फ एक सय पाँच किमी सडकको ठेक्का सम्झौता

भएकोमा ७५ किमी कालोपत्र सम्पन्न भएको छ ।

यसैगरी जोमसोम-कोरला एक सय १० किमीमध्ये ९० किमीमा सडकमा ग्राभेल सम्पन्न भएको आयोजना कार्यालयले जनाएको छ । यस खण्डमा १९ पुलपुलेसामध्ये १४ ओटा सम्पन्न भइसकेका छन् भने बाँकी निर्माणाधीन रहेको आयोजना कार्यालयका सूचना अधिकारी चापागाईंले जानकारी दिए ।

निर्माण सम्पन्न भएका १४ पुलमध्ये ९ ओटा मुस्ताङ खण्डमा र पाँचओटा म्याग्दी खण्डमा बनेका आयोजना कार्यालयले जनाएको छ । मुस्ताङको थासाङ गाउँपालिका-३ लेतेको सेतु खोलामा निर्माणाधीन पुल अन्तिम चरणमा रहेको भन्दै उनले हालसम्म ८० प्रतिशत भौतिक प्रगति भइसकेको उल्लेख गरे ।

उत्तर-दक्षिण जोड्ने कोरला सडक आयोजनाका लागि चालू आवमा थप ९ ओटा आयोजना थपिएको आयोजनाका सूचना अधिकारी चापागाईंले बताए । उनका अनुसार चालू आवमा थप भएका नयाँ आयोजनामध्ये चारओटा पुलपुलेसासम्बन्धी ठेक्का सम्झौता भई निर्माण अघि बढेको छ । यसअघि मुस्ताङको कैकु खोला पुल र लार्जुङ खोलामा पुल निर्माणको ठेक्का सम्झौता रद्द गरिएको थियो । निर्माण कम्पनीको ढिलासुस्तीका कारण आयोजनाले ठेक्का सहमति रद्द गरेको जनाएको छ । *रासस*

एनपीएलका चौकाबापत एनसेल फाउन्डेसनको सहयोग

अभियान संवाददाता

काठमाडौं

एनसेल फाउन्डेसनले नेपाल प्रिमियर लिग (एनपीएल)का खेलमा हानिएका प्रत्येक चौकाबापत विद्यार्थीलाई चारओटा शैक्षिक सामग्री वितरण गर्ने घोषणाअनुसार शैक्षिक सामग्रीको वितरण शुरू गरेको छ। यसै कार्यक्रमअन्तर्गत मंगलवार लुम्बिनी प्रदेशका तीन विद्यालयमा ४४६ ओटा शैक्षिक सामग्री वितरण गरिएको हो । क्रिकेटदेखि कक्षाकोठासम्मको यो पहलमा क्रिकेटको रोमाञ्चकतालाई शिक्षासँग जोड्दै एनसेलले यो घोषणा गरेको थियो । यसले विद्यार्थीमा अर्थपूर्ण प्रभाव पार्दै शिक्षामा सकारात्मक परिवर्तन ल्याउन योगदान पुऱ्याउने उद्देश्य राखेको बताइएको छ ।

मंगलवार एनसेलका प्रमुख कार्यकारी अधिकृत जाब्बोर कायुमोभ, नेपाल क्रिकेट संघका सचिव पारस खड्का, लुम्बिनी लायन्सका अध्यक्ष ईश्वर जिसी र एनसेलकी मार्केटिङ कम्युनिकेशन एन्ड सस्टेनिबिलिटी डाइरेक्टर विषाखा लक्ष्मी खड्काले संयुक्त रूपमा शैक्षिक सामग्री हस्तान्तरण गरेका हुन्।

कपिलवस्तु नगरपालिका-१० को राष्ट्रिय माध्यमिक विद्यालय र मदरसा वहरुल उलूमका २६० जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको हो । त्यसैगरी एनसेलका चीफ अफ स्टाफ स्टिवन रोड्रिगेजले दाङको राप्ती सोनारी गाँउपालिका-४ मा रहेको बालकशान्ति प्राथमिक विद्यालयका विद्यार्थीलाई १८६ थान शैक्षिक सामग्री वितरण गरेको बताइएको छ।

'गुणस्तरीय शिक्षा प्रत्येक बालबालिकाको आधारभूत अधिकार हो । यो पहलले विद्यार्थीलाई शिक्षामा मद्दत गर्ने हाम्रो विश्वास छ, यसले शैक्षिक स्रोतको अभाव कम गर्न सहयोग गर्नेछ,' एनसेलका प्रमुख कार्यकारी अधिकृत जाब्बोर कायुमोभले भने । विद्यार्थीले प्राप्त गरेका प्रत्येक शैक्षिक सामग्रीमा स्कुल ब्याग, कापी, सिसाकलम, इरेजर, कटरलगायतका स्टेशनरी सामान समावेश छन् । यस पहलअन्तर्गत एनसेल फाउन्डेसनले एनपीएलमा हानिएका ६५३ चौका वापत कुल २ हजार ६१२ शैक्षिक सामग्री वितरण गर्नेछ ।

प्रभु स्टील्सको अवितरित हकप्रद शेयर लिलामीमा

काठमाडौं (अस) । जलविद्युत् क्षेत्रमा लगानी गर्दै आएको प्रभु ग्रुप्स अन्तर्गतको प्रभु स्टील्स एण्ड हाइड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेडको अवितरित हकप्रद शेयर लिलामीमा आएको छ । कम्पनीले सूचना प्रकाशित गरी सो शेयर लिलामीमा राखेको हो । कम्पनीको उक्त शेयर प्रति कित्ता रू. ६० माथि बढाबढ मूल्यमा खरीद गर्नुपर्ने बताइएको छ ।

आवेदकले आवेदन दिँदा न्यूनतम एक हजार कित्तादेखि अधिकतम सबै कित्ताको लागि आवेदन दिन सक्नेछन् । कम्पनीले गत माघ २४ मा १:१ का दरले हकप्रद शेयर निष्कासन गरेको थियो । उक्त हकप्रद शेयर विक्री वितरणपछि बाँकी रहेको १३ लाख १७ हजार ३० कित्ता शेयर लिलामीमा राखिएको हो । चैत ६ देखि लिलामीमा राखिएको यो शेयरमा चैत २० को बैंकिङ समयसम्ममा सहभागी हुन सकिने बताइएको छ । कम्पनीले माथिल्लो दोर्दी खोला जलविद्युत् आयोजना २५ मेगावाट, सुपर आँखुखोला जलविद्युत् आयोजना २५ दशमलव ४ मेगावाट र सिद्धार्थ केबलकार लिमिटेडमा लगानी गरेको छ ।

कुमारी बैंकको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं (अस) । 'ग्लोबल मनी विक २०२५' का अवसरमा कुमारी बैंक लिमिटेडले विभिन्न स्थानमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिरहेको छ । मनी विकको थिम 'थिंक बिफोर यु फलो, वाइज मनी टुमरो' विषयवस्तुलाई आत्मसात् गर्दै बैंकले वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिरहेको बताइएको छ ।

डिजिटल वित्तीय सेवाको बढ्दो प्रयोग, फिनफ्लुन्सरको प्रभाव र आर्टिफिसियल इन्टेलेजेन्स (एआई)को प्रवेशले सर्वसाधारण, विषेशगरी युवालाई सही वित्तीय जानकारी छनोट गर्न चुनौतीपूर्ण बनाइरहेको सन्दर्भमा बैंकले सचेत र जिम्मेवार वित्तीय निर्णय लिन सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम गरेको बताइएको छ । कार्यक्रमअन्तर्गत सहभागीलाई बैंकिङ प्रणाली, डिजिटल भुक्तानी, कर्जाको उचित व्यवस्थापन तथा दीर्घकालीन वित्तीय योजनाबारे विस्तृत जानकारी प्रदान गरिएको बताइएको छ । यस अभियानमार्फत बैंकले युवालाई आर्थिक रूपमा सबल बनाउन, जिम्मेवार वित्तीय निर्णय लिन र समग्र वित्तीय स्थायित्व कायम गर्न महत्त्वपूर्ण योगदान दिने अपेक्षा गरेको छ । बैंकले भविष्यमा पनि यस्ता सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता समेत व्यक्त गरेको छ ।

ग्लोबल मनी विकमा सिन्धु विकास बैंकको कार्यक्रम

काठमाडौं (अस) । सिन्धु विकास बैंक लिमिटेडको वार्षिक कार्ययोजना तथा 'ग्लोबल मनी विक २०२५' कार्यक्रमअन्तर्गत बैंकको शाखा कार्यालय पनौतीको आयोजनामा बिहीवार काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-८ स्थित तेजगंगा बहुमुखी क्याम्पसमा वित्तीय साक्षरता कार्यक्रम गरिएको छ। कार्यक्रममा क्याम्पसका कक्षा ११ तथा १२ का गरी ७५ जना विद्यार्थीको उपस्थिति थियो । कार्यक्रममा बचत, कर्जा, लगानी, खर्च, बजेट, वित्तीय सेवा, डिजिटल बैंकिङ प्रणालीको उपयोग, चुनौती तथा सुरक्षा जस्ता विषयवस्तुको बारेमा विद्यार्थीलाई जानकारी गराइएको थियो ।

डेभलपमेण्ट बैंकर्स एशोसिएसनको अध्यक्षमा पुनः सुयोग श्रेष्ठ

काठमाडौं (अस) । डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालको अध्यक्षमा सांग्रिला डेभलपमेण्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुयोग श्रेष्ठ पुनः अध्यक्षमा सर्वसम्मतिबाट निर्वाचित भएका छन् । पोखरामा सम्पन्न एशोसिएसनको १९औं वार्षिक साधारणसभाबाट उपाध्यक्ष, सचिव र कोषाध्यक्षमा क्रमशः कामना सेवा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेश थकाली, गरिमा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद उपाध्याय र ज्योति विकास बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकाल नियुक्त भएका छन् । यस्तै सदस्यहरूमा लुम्बिनी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत नरेशसिंह बोहरा, शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेल, महालक्ष्मी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत दिपेश लम्साल, ग्रिन डेपलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत हरिबहादुर बुढाथोकी र सप्तकोशी डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेश पोखरेल चयन भएका छन् ।

'विश्व मौखिक स्वास्थ्य दिवस २०२५' मा पेप्सोडेन्टका विविध कार्यक्रम

काठमाडौं (अस) । दन्त स्वास्थ्य समग्र स्वास्थ्यको महत्त्वपूर्ण हिस्सा मान्दै प्रसिद्ध ओरल केयर ब्रान्ड पेप्सोडेन्ट नेपालले 'विश्व मौखिक स्वास्थ्य दिवस २०२५' लाई विभिन्न प्रभावकारी कार्यक्रम तथा डिजिटल अभियानसहित मनाएको बताएको छ ।

पेप्सोडेन्टले डेन्टल स्टुडेन्ट्स सोसाइटी नेपाल (डिएसएसएन)सँगको सहकार्यमा गुह्येश्वरी माध्यमिक विद्यालय सिनामंगल, बिआईए इन्स्टिच्युट जोरपाटी र चितवन मेडिकल कलेज चितवनमा मुखको स्वास्थ्यको लागि सचेतना कार्यक्रम र निःशुल्क दन्त शिविर सञ्चालन गरेको छ । सो अवसरमा पेप्सोडेन्टले डिएसएसएन र नेपाल डेन्टल एसोसिएसनसँगको सहकार्यमा वसन्तपुरबाट नक्सालसम्म २५० दन्त चिकित्सक र विद्यार्थीको सहभागिता रहेको 'रन फर ओरल हेल्थ म्याराथन' आयोजना गरेको छ । यस कार्यक्रमको लक्ष्य पोषण र मुखको स्वास्थ्यको सम्बन्धलाई उजागर गर्नु रहेको बताइएको छ । साथै यो सहकार्यले 'स्माइल गार्जियन प्रोजेक्ट'मा योगदान गर्ने र यसअन्तर्गत नेपालका १५ अनाथ आश्रममा रहेका १ हजार ५०० अनाथ र विपन्न बालबालिकालाई दन्त उपचार प्रदान गरिने भएको छ ।

सो अवसरमा कम्पनीले डेन्टल साइन्स हाइजिनिस्ट एसोसिएसन अफ नेपाल (डिएसएचएएन)सँग १ हजार ८०० भन्दा बढी ट्राफिक प्रहरीलाई निःशुल्क दन्त जाँच प्रदान गरी दन्त स्वास्थ्य किट वितरण गरेको थियो । साथै विश्व मुख स्वास्थ्य दिवसको दिन पोखरामा 'तेस्रो अन्तरराष्ट्रिय ओरल हेल्थ समिट २०२५' आयोजना गरेको छ । नेपालका दुर्गम क्षेत्रमा रहेका मुसहर, राउटे, चेपाङ जस्ता विपन्न आदिवासी समुदायलाई निःशुल्क दन्त परिक्षणका साथ दन्त स्वास्थ्य किट पनि वितरण गरेको बताइएको छ ।

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **एम.ए.डब्लू. वृद्धि मोटर्स प्रा.लि. ले** China बाट पैठारी गरेको देहायको मोटर्सहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

SN	BRAND	VEHICLE TYPE	TYPE	VARIANT	MOTOR PEAK POWER	COUNTRY OF ORIGIN	UNIT	MRP
1	SERES	SERES 3 (99)	SUV	COMFORT	99 KW	CHINA	1	4,549,000
2	SERES	SERES 3 (99)	SUV	PREMIUM	99 KW	CHINA	1	4,887,000
3	E502-EV-220KM	Mini Car	DFSK	E502	30 KW	CHINA	1	1,899,000
4	E502-EV-180KM Full Option	Mini Car	DFSK	E502	25 KW	CHINA	1	1,749,000

Importer Name: MAW Vriddhi Motors Pvt. Ltd., Naxal, Kathmandu **PAN No.:** 619846732 **Contact No.:** 01-4557365

एयरटेक ईण्डष्ट्रिज प्रा.लि. द्वारा विक्रि वितरण गरिदै आएका निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा विक्रि (MRP) सर्वसधारणलाई जानकारीको निमित यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	पैठारीकर्ताको नाम, ठेगाना	स्थायी लेखा नम्बर	सामानको नाम	ब्राण्ड	मोडेल	क्षमता	अधिकतम खुद्रा विक्रि मूल्य	कैफियत
1	Airtech Industries Pvt. Ltd. Thapathali, Kathmandu.	500177714	VRF Air Condtioners	Midea Brand	MVi-224WV2GN1(A)	8HP	430,000.00	
2					MVi-335WV2GN1(A)	12HP	467,000.00	
3					MV8X-560WV2GN1(PRO)	20HP	785,000.00	
4					MV8X-670WV2GN1(PRO)	24HP	841,000.00	
5					MIH45Q1HN18	1.25TR	84,000.00	
6					MIH56Q1HN18	1.5TR	86,000.00	
7					MIH45T2HN18	1.25TR	45,000.00	
8					MIH56T2HN18	1.5TR	50,000.00	
9					MIH140T2HN18	4TR	82,000.00	
10					MIH252T1HN18	7TR	262,000.00	
11					MIH280T1HN18	7.5TR	271,000.00	
12					MIH90FASHN18	2.5TR	112,000.00	
13					MIH140FASHN18	4TR	123,000.00	
14					MIH28Q4HN18	0.75TR	60,000.00	
15					MIH140Q4HN18	4TR	86,000.00	
16					MIH45Q4HN18	1.25TR	67,000.00	
17					MIH36Q4HN18	1TR	64,000.00	
18					MIH56Q4HN18	1.5TR	71,000.00	
19					MIH71Q4HN18	2TR	75,000.00	
20					MIH90Q4HN18	2.5TR	79,000.00	
21					MC-SS65-RN1	Chiller-18TR	1,122,000.00	
22					MC-SS130-RN1	Chiller-36TR	2,168,000.00	
23					AHUKZ-02D	AHU	50,000.00	
24					AHUKZ-03D	AHU	56,000.00	
25					MDV-V120W/DHN1(D)	4HP	161,000.00	
26					MDV-V140W/DHN1(D)	5HP	168,000.00	
27					MV8X-950WV2GN1(PRO)	34HP	1,054,000.00	
28					MV8X-1060WV2GN1(PRO)	38HP	1,092,000.00	
29					MIH560T1HN18	15TR	308,000.00	
30					MIH200FAHN18	5TR	191,000.00	
31					MIH280FAHN18	7TR	226,000.00	
32					MIH224FASHN18	6TR	150,000.00	
33					MIH280FASHN18	7TR	168,000.00	
34					MIH450T1HN18	12TR	299,000.00	
35					MIH36T3HN18	1TR	43,000.00	
36					MIH36T2HN18	1TR	44,000.00	
37					MIH71DLHN18	2TR	82,000.00	
38					MIH112DLHN18	3TR	112,000.00	
39					TC3-10.1	CENTRAL CONTROLLER	247,000.00	

Note: The above prices are inclusive of 13% VAT.

AIRTECH RELIABILITY MATTERS

Airtech Industries Pvt. Ltd.
First Floor, Sharda Complex, Panchayan Marg
Thapathali, Kathmandu, Nepal Tel: 977-1-5319999

भेन्चर हायर पर्चेज प्राईभेट लिमिटेडको तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८१/१२/८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक

यस भेन्चर हायर पर्चेज प्राईभेट लिमिटेडबाट तपशिलमा उल्लेखित ऋणीले सवारी साधन खरिद प्रयोजनार्थ लिनु भएको कर्जाको यस कम्पनीसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना तथा अन्य दै-दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तथा बभिन्न माध्यम बाट तारताकेता गरिएको तथा मिति २०८१/१०/०४ र २०८१/०४/१७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कम्पनीसंग गरेको कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले कम्पनी वा कम्पनीले सुझाएको बैंक को नाममा नामसारी भएको वा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जुन अवस्थामा छ, सोही अवस्थामा बैंक वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी कम्पनीको नियमानुसार तल उल्लेखित विवरण भएको धितो लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले कम्पनीबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिनका दिन खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता /बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिहरुलाई सुचित गरिन्छ । साथै धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रिबाट असुल उपर हुन नसकेमा, कानुन बमोजिम तथा कम्पनीको नियमानुसार ऋणीहरु र व्यक्तिगत तथा संस्थागत जमानीकर्ताहरुको घरघरानाबाट समेत असुल उपर गर्न असुली प्रकृया अगाडी बढाइने तथा सबैलाई कर्जा सूचना केन्द्रको कालो सुचिमा नाम समावेस गर्न पठाईने व्यहोरा समेत यसै सूचनाद्धारा सुचित गरिन्छ ।

तपसिल

सि.नं. १. ऋणी विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४
कम्पनीको नामः सि. ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
दर्ता नः २३८१७६/०७७/०७८, दर्ता मितिः २०७७/०४/०५, पान नः ६०९७५९७५४ दर्ता मितिः २०७७/०४/०५

ऋणीको विवरण	जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
नाम थर : मनोज चौधरी बाबु : सुन्दर बहादुर चौधरी बाजे : लाल बहादुर चौधरी ठेगानाः बेला - ०१, दाङ ना.प्र.नं. ५२२००५/१२७७ जारी मिति. २०७०/०१/०८ जारी गर्ने कार्यालय : जि. प्र. का. दाङ कर्जा शीर्षकः हायर पर्चेज कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी	नाम थर : सुन्दर प्रसाद चौधरी बाबु : लाल बहादुर चौधरी बाजे : ठेगानाः बेला - ०१, दाङ ना.प्र.न. १३०३६/१०३७ जारी मितिः २०६३/०८/१९ जारी गर्ने कार्यालय : जि. प्र. का. दाङ	नाम थर : सस्तु चौधरी ससुरा : लाल बहादुर चौधरी पति : सुन्दर बहादुर चौधरी ठेगानाः बेला : ०१, दाङ ना.प्र.नं. १३३३/९७ जारी मितिः २०४४/१२/२० जारी गर्ने कार्यालय : जि. प्र. का. दाङ	नाम थर : बबनी चौधरी ससुरा : सुन्दर बहादुर चौधरी पति : मनोज चौधरी ठेगानाः बेला - ०१, दाङ ना.प्र.नं. ५२२००५/२४६५ जारी मितिः २०७३/०४/०५ जारी गर्ने कार्यालय : जि. प्र. का. दाङ

जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण	धितोको विवरण
नाम थर : बम बहादुर चौधरी बाबु : श्रीराम चौधरी बाजे : ठेगानाः बेला - ०१, दाङ ना.प्र.नं. ६४९१/१४७८ जारी मितिः २०६०/०१/०८ जारी गर्ने कार्यालय : जि. प्र. का. दाङ	नाम थर : कमला देवी चौधरी ससुरा : श्रीराम चौधरी पति : बम बहादुर चौधरी ठेगानाः बेला - ०१, दाङ ना.प्र.नं. ६५४५-१२२१ जारी मिति : २०६०/०१/१७ जारी गर्ने कार्यालय : जि. प्र. का. दाङ	सवारी साधन DIGMAX II 4x4 नं. रा १ क १५५९, ईन्जिन नं. 4H.3307/2120224 को गाडी ।

सि.नं. २.

ऋणीको विवरण	जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
नाम थर : सुदर्शन थापा बाबु : दिल बहादुर थापा बाजे : पदम बहादुर थापा ठेगानाः फिक्कल ०९, इलाम ना.प्र.नं. ७५७५९ जारी मिति. २०६१/०९/०९ जारी गर्ने कार्यालय : जि. प्र. का. इलाम कर्जा शीर्षक. हायर पर्चेज कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी	नाम थर : बिना प्रसाई ससुरा : दिल बहादुर थापा पति : सुदर्शन थापा ठेगाना : बिर्तामोड ०१, झापा ना.प्र.नं. ३००४१५१ जारी मिति २०५९/१०/०३ जारी गर्ने कार्यालय : जि. प्र. का. झापा	नाम थर : नर प्रसाद श्रेष्ठ बाबु : दल बहादुर श्रेष्ठ बाजे : नन्द लाल श्रेष्ठ ठेगानाः गरामनी ०९, झापा ना.प्र.नं. ३५७४६९७ जारी मिति. २०५७/१२/०१ जारी गर्ने कार्यालय : जि. प्र. का. झापा

धितोको विवरण

१. सवारी साधन ASHOK LEYLAND VIKING 166 SHERPA नं. प्र १ ०२ ००२ ख ०२५५ ईन्जिन नं NFEZ413072 गाडीको लिगलगापात समेत ।
२. सवारी साधन ASHOK LEYLAND VIKING 166 SHERPA नं. प्र १ ०२ ००२ ख ०२५६ ईन्जिन नं NFEZ413074 गाडीको लिगलगापात समेत ।

पुनश्चः माथि उल्लेखित व्यहोरा अवगतार्थ अनुरोध गर्दै तोकिएको समय भित्र सम्पुर्ण कर्जा भुक्तान गरी आफ्नो सम्पत्ति संरक्षण गर्न हुन ऋणी, जमानीकर्ता तथा धनजमानीकर्ता समेतलाइ पुनः अनुरोध गरिन्छ । अन्यथा तोकिएको मितिमा धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री हुने भएकोले उक्त दिन समयमानै उपस्थित भई लिलाम सम्बन्धि कार्यको प्रत्यक्ष जानकारी लिन हुन समेत यसै सूचना मार्फत सुचित गरिन्छ ।

धितो लिलाम बिक्रीका शर्तहरुः

१. बोलपत्र आवेदन फारम संस्थाको प्रधान कार्यलय, पानीपोखरी, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था/फर्म/कम्पनी हुनु पर्नेछ । बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नेपाली नागरिकताको प्रतिलिपी र संस्था/फर्म/कम्पनी भएमा PAN, दर्ता, करचुक्ता, माइन्युट र अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि समेत आवेदन साथ पेश गर्नु पर्नेछ ।
३. शिलबन्दी बोलपत्र फारम सूचना प्रकाशित मितिले १५ दिन भित्र यस संस्थाको प्रधान कार्यालय पानीपोखरी, काठमाण्डौमा पेश गराई सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि आएका आवेदनहरु उपर कुनै कारवाही नहुन सक्नेछ ।
४. यो बोलपत्र सूचना प्रकाशित मितिले १६ औं दिन यस संस्थाको प्रधान कार्यालय पानीपोखरी, काठमाडौमा सरकारी प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यलय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोलिने छ । बोलपत्र खोल्ने दिन बोलपत्रदाताहरु उपस्थित हुनुपर्नेछ तर बोलपत्रदाताहरु उपस्थित नभएमा पनी बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
५. बोलपत्र स्विकृत भएको जानकारी प्राप्त भएको मितिले १५ दिन भित्र कबोल गरेको रकम यस संस्थामा जम्मा गर्नु पर्नेछ । स्विकृत बोलपत्रदाताले आफ्नो नाममा दा.खा. नामसारी गर्दा लाग्ने नियमानुसार सरकारी शुल्क वा दै-दस्तुर आफैंले बुझाउनु पर्नेछ ।
६. लिलाम गर्दैगर्दा नभ्याएमा त्यसको भोलिपल्ट बाट लिलामको लिलामको कार्य जारी रहनेछ ।
७. यस सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा संस्थाको प्रधान कार्यालय पानिपोखरी, काठमाण्डौमा सम्पर्क राखि जानकारी लिन सकिनेछ ।

शिलवन्दी बोलपत्र खोलिने मिति : २०८१/१२/२३
स्थान : प्रधान कार्यालय पानीपोखरी, काठमाण्डौ
समय : दिउसो १:०० बजे

VENTURE HIRE PURCHASE
(नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कारोबार गर्न इजाजत प्राप्त संस्था)

भेन्चर हायर पर्चेज प्राईभेट लिमिटेड
पानी पोखरी, काठमाडौं ।
फोन नं. ०१-४००२६५५, इमेलः cre@vhppl.com.np

पैसाले किन्न सक्ने सबैभन्दा उत्तम वस्तु भनेको वित्तीय स्वतन्त्रता हो ।
- रब बर्जर

सम्पादकीय

जुँगाको लडाइँ

६ वर्षअघि लोडशेडिङबाट मुलुकले उन्मुक्ति पाएको भनिए पनि औद्योगिक क्षेत्रमा भने हिउँदमा कुनै न कुनै किसिमबाट बिजुली काटिइरहेको छ । अहिले भारतले रातिको समयमा नेपाललाई बिजुली नदिइरहेका बेला नेपाल विद्युत् प्राधिकरणले औद्योगिक क्षेत्रमा बिजुली काट्न थालेको छ । यही बेला ऊर्जामन्त्री दीपक खड्काले राष्ट्रिय सभाको बैठकमा सर्वसाधारणका लागि पनि लोडशेडिङ हुने अभिव्यक्ति दिएर त्रास फैलाउने काम गरेका छन् । वास्तवमा लोडशेडिङ अन्त्यको जस मूलतः एक्लै प्राप्त गरेका प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई जस नदिन उनले त्यसो भनेको देखिन्छ । 'उज्यालोका नायक उहाँ (कुलमान) होइन, बरु यो धन्यवाद भारतलाई दिऔं र निजीक्षेत्रलाई दिऔं,' उनले भने ।

अहिले ऊर्जामन्त्री खड्का र घिसिङबीचको आपसी द्वन्द्व सार्वजनिक भइरहेको छ । मूलतः उनको भनाइ चिसो सम्बन्धको संकेत भए पनि यसरी सार्वजनिक रूपमा त्रास फैलने गरी दिएको अभिव्यक्ति मन्त्रीका लागि सुहाउँदो होइन । मन्त्री जस्तो पदमा बसेको व्यक्तिले जनतालाई आश्वस्त पार्नुपर्नेमा उल्टो धम्कीको भाषा बोलेर मन्त्रीको पदीय दायित्व पूरा हुँदैन । महत्त्वपूर्ण पदमा बसेका व्यक्तिले आशाको सञ्चार गर्नुपर्छ जुन दायित्व मन्त्री खड्काले पूरा गरेको देखिएन । व्यावसायिक जगत्लाई लगानीको वातावरणबारे राम्रो आश जगाउन सकेमा देशमा पनि लगानी बढ्ने हो । मन्त्रीले नै देश खत्तम छ भनेर भाषण गर्दै हिँडेमा लगानी बढ्ला ?

ऊर्जामन्त्री र कुलमान घिसिङबीच द्वन्द्व चलेको निकै समय भइसकेको छ । सरकारले उनलाई हटाउन पनि सकेको छैन भने अन्य कारबाही गर्न पनि डराइरहेको देखिन्छ । कुलमानले गर्दा नै लोडशेडिङ हटेको भन्ने भान सर्वसाधारणमा परेकाले उनलाई हटाउँदा जनतामा नकारात्मक सन्देश जाने भएकाले सरकार उनलाई हटाउन डराएको हो भन्ने देखिन्छ । घिसिङले व्यवस्थापनको कुशलताका कारण पनि लोडशेडिङ हट्न पुगेको हो तर उनले नै सबैथोक गरेर लोडशेडिङ हटाएका भने होइनन् । उनको दोस्रो कार्यकालमा प्रसारण लाइनको थप विस्तार र स्तरोन्नतिका काम त भएका छन् तर ती पर्याप्त छैनन् । त्यसैले बिजुली आपूर्तिको गुणस्तरमा रूपान्तरणकारी प्रगति हुन सकेको छैन । माओवादी केन्द्र सरकारबाट हटेपछि नयाँ गठबन्धन

- **उत्पादन, प्रसारण लाइन र वितरण कम्पनी अलग बनाउने कुरा अलमलिएर बसेको छ ।**
- **अबको आवश्यकता नेपाललाई हिउँदयाममा पनि बिजुलीमा आत्मभिर्नर बनाउनु हो ।**
- **मन्त्रीले नै देश खत्तम छ भनेर भाषण गर्दै हिँडेमा लगानी बढ्ला ?**

बनेसँगै सरकारसँग तालमेल मिलाउन नसक्दा घिसिङलाई हटाउन खोजिएको देखिन्छ ।

त्यसो त डेडिकेटेड र ट्रंकलाइनको विद्युत् बक्यौताको विवाद पनि समाधानका विविध विकल्प खोजिनुपर्नेमा उद्योगीको लाइन काट्न मात्रै बढी पहल गर्नु पनि सरकारका दृष्टिमा घिसिङका कमजोरी हुन् । बक्यौता नउठे पनि त्यसलाई आम्दानीमा बाँधेर प्राधिकरण नाफामा गएको देखाएको आरोप मन्त्री खड्काले लगाएका छन् । तर, त्यही वित्तीय प्रतिवेदन प्राधिकरणको अध्यक्षका रूपमा उनैले स्वीकृति दिएका छन् । त्यसैले अहिलेको समस्या व्यक्तिको टकराव हो र यो जुँगाको लडाइँ हो भन्ने देखिन्छ । केही महीनामात्र पदावधि बाँकी रहेका कुलमानलाई हातमा लिएर काम गरेको भए ऊर्जामन्त्रीकै कद उँचो हुन्थ्यो तर उनले त्यो बाटो रोजेनन् । कुलमानले पनि सरकारलाई असहयोग गरेको जस्तो देखिन्छ, यद्यपि उनले सरकारले गैरकानूनी निर्देशन दिएकाले नमानेको बताउँदै आएका छन् ।

खासमा सरकार र प्राधिकरण मिलेर ऊर्जा विकासमा गर्नुपर्ने काम थुप्रै छन् । उत्पादन, प्रसारण लाइन र वितरण कम्पनी अलग बनाउने कुरा अलमलिएर बसेको छ । हिउँदको समयमा पानीको प्रवाह घटेसँगै उत्पादन पनि घट्ने भएकाले आपूर्तिमा सन्तुलन ल्याउन जलाशययुक्त आयोजनाको निर्माण अनिवार्य छ । तर, बूढीगण्डकीलगायत यस्ता आयोजनाको काम सरकारले अघि बढाउन सकेको छैन । नेपाल मूलतः नदी प्रवाहमा आधारित जलविद्युत्मै बढी आश्रित छ, जसको कारण वर्षयाममा चाहिनेभन्दा बढी बिजुली उत्पादन हुने भए पनि हिउँदमा भने भारतबाट आयात गर्नुपर्छ । त्यसैले अबको आवश्यकता नेपाललाई हिउँदयाममा पनि बिजुलीमा आत्मभिर्नर बनाउनु हो । हिउँदमा भारतबाट बिजुली आयात गर्नुपर्ने समस्या समाधान गर्न थप जलाशययुक्त आयोजनाको निर्माण तथा सौर्य ऊर्जालगायत अन्य वैकल्पिक ऊर्जाको विस्तार गर्नु जरुरी देखिन्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

अग्रिम भुक्तानी बीमा योजना : व्यापारी वर्गको रोजाइ

अग्रिम भुक्तानी जीवन बीमा योजना व्यापारीमाझ आकर्षक बन्दै गएको छ । यस्तो योजनामा निर्धारित समयभन्दा छिट्टै रकम फिर्ता हुने भएकाले पनि अधिकांश व्यापारीको रोजाइमा परेको हो । विभिन्न बीमा कम्पनीले फरकफरक नाममा यो योजना सञ्चालनमा ल्याएका छन् ।

यो योजनामा बीमा गरेको न्यूनतम ४ वर्षदेखि बीमाङ्क रकमको केही प्रतिशत किस्ताबन्दीमा फिर्ता हुन शुरू गर्छ । यो बीमा १६ वर्षमाथिका मानिसले मात्र गर्न सक्ने व्यवस्था छ । केही किस्ता लिइसकेपछि बीमितको मृत्यु भएमा उसले इच्छाएको व्यक्तिलाई बाँकी बीमाङ्क रकम र बोनस एकमुष्ट दिने व्यवस्था छ । यसमा न्यूनतम बीमाङ्क शुल्क रू. ५० हजार रहेको छ । यो योजनाबाट पाइने लाभ कम्पनीअनुसार फरकफरक रहेको छ । त्यसैले, सबै कम्पनीले सञ्चालन गरेका यस्ता योजनाबारेमा पहिल्यै विस्तृत रूपमा बुझेर मात्र बीमा गर्नु उपयुक्त हुन्छ ।

वर्ष ८, अंक १५१, आइतवार, ६ फागुन, २०६९

ठूला औद्योगिक कोरिडोरमा ऊर्जाको ठूलै सकस

कुलमान हटाउने कि अघोषित लोडशेडिङ ?

विद्युत् वितरणमा एकाधिकार पाएको प्राधिकरणले पूर्वाधारको अभावमा भएकै बिजुली पनि प्रभावकारी तरीकाले ग्राहकसम्म पुऱ्याउन सकेको छैन । प्रसारणका पूर्वाधारमा कमजोरी छ । बढ्दो मागको भार यस्तै जीर्ण संरचनामै थोपरिएको छ ।

ओमप्रकाश खनाल

अहिले सरकार र नेपाल विद्युत् प्राधिकरण नेतृत्वबीच तानातान चलिरहँदा देशका मुख्य औद्योगिक कोरिडोरहरूमा विद्युत् आपूर्ति अस्तव्यस्त बनेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काले राष्ट्रिय सभा बैठकमा औद्योगिक क्षेत्रमा मात्र होइन, अब घरमा पनि लोडशेडिङ हुन सक्ने भन्दै नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङ 'उज्यालो नेपालको नायक' नभएको तर्क गरेका खबर सञ्चारमाध्यममा आएका छन् । यसले ऊर्जा आपूर्तिका असहज भविष्यलाई पनि सहजै संकेत गरिरहेको छ । मन्त्री खड्का र प्राधिकरणका प्रबन्ध निर्देशक घिसिङबीच स्पष्टीकरण र आरोपप्रत्यारोपको सिलसिला चलिरहँदा उद्योगी भने अघोषित लोडशेडिङ र ट्रिपिङको पीडामा पिल्सिदै छन् । वीरगञ्ज, विराटनगरजस्ता उत्पादन केन्द्रले बितेको १ वर्षयता ऊर्जाको चरम संकट सामना गर्दै छन् । यसै सातादेखि भारतले विद्युत् आपूर्ति कटौती गरेसँगै समस्या झन् चर्किएको हो ।

उत्पादन र आपूर्तिको अंकगणित

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार नेपालमा विद्युत् उत्पादनको जडितक्षमता ३५ सय मेगावाट पुगिसकेको छ । यो वर्षायामको आँकडा हो । सुक्खायाममा उत्पादन घटेर ११ सय मेगावाटको हाराहारीमा खुम्चिन्छ । ऊर्जामन्त्रीकै कुरा पत्याउने हो भने अहिले भारतबाट ८३० मेगावाट विद्युत् आयात भइरहेको छ । आन्तरिक उत्पादन र आयातको परिमाण मिलाएर अहिलेको १९ सय मेगावाटको माग धानिएको छ । आपूर्तिको यो अंकगणितबीच भारतले पिक आवर साँझ ६ बजेदेखि ८ घण्टा आपूर्ति रोकिदिएपछि आपूर्ति व्यवस्थापन खलबलिएको हो । भारतले यसअघि दैनिक २० घण्टा विद्युत् दिएकोमा २०८१ चैत ३ गतेदेखि बिहान ३ बजेदेखि साँझ ६ बजेसम्म १५ घण्टामात्रै निर्यात गर्न थालेको छ । प्राधिकरणले औद्योगिक क्षेत्रहरूमा कटौती गरेर समस्या टार्ने काम गरिरहेको छ । वर्षामा विद्युत् खेर जाने तर हिउँदमा आइपर्ने संकटको दिगो समाधानमा सरकार उदासीन देखिन्छ । सरकार जसरी कुलमान घिसिङलाई हटाउन अनेक जुक्ति लगाइरहेको छ, अघोषित लोडशेडिङ अन्त्य गर्न त्यो ऊर्जा लगाउने हो भने ऊर्जासंकट समाधानको बाटो पहिल्याउन सहज हुन सक्छ ।

ग्राहकका सकस

औद्योगिक प्रतिष्ठानहरूमा ६/७ घण्टा अघोषित लोडशेडिङका समाचार सञ्चारमाध्यममा आएका छन् । गत असारताका यस्तो कटौती दैनिक १०/१२ घण्टासम्म थियो । त्यसमाथि आपूर्ति दिएको समयमै १०/१५ पटक ट्रिपिङ हुँदा यो सकसबाट औद्योगिक ग्राहक हैरानीमा छन् । मुलुक लोडशेडिङमुक्त भनिएको छ । तर, ५/५ मिनेटमा विद्युत् जाने र आउने समस्या सामान्यजस्तै लाग्न थालेको छ, लोडशेडिमुक्त मुलुकमा यो असामान्य लज्जा हो । नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश उद्योग समितिको अध्ययनले अनियमित आपूर्तिले उद्योगहरूको यन्त्रउपकरण बिग्रिने, प्रोसेसमा रहेको औद्योगिक कच्चा पदार्थ खेर जाने, मोटर जल्नेलगायत आर्थिक क्षति मुख्य हुन् । समितिका अध्यक्ष दीपेश अग्रवाल भन्छन्, 'विद्युत् आउने/जाने टुंगो नहुँदा कामदार व्यवस्थापनमा परेको कठिनाइ औद्योगिक क्षेत्रलाई सामान्यजस्तै लाग्न थालिसकेको छ । सरकार यो समस्याको दीर्घकालीन समाधानमा जति गम्भीर हुनुपर्ने हो, त्योभन्दा बढी प्राधिकरणको नेतृत्वलाई कसरी हटाउने भन्नेमा मरिमेटेको देखियो ।' विद्युत् खपत गर्ने भट्टीमा आधारित उद्योगमा त एकपटकको ट्रिपिङमा कम्तीमा १ लाख रुपैयाँको क्षति पुग्ने बारा पर्सा उद्योग संघका उपाध्यक्ष रमेश अग्रवालको दाबीलाई आधार मान्दा उद्योगीले प्राधिकरणकै कारण दैनिक ८/१० लाख रुपैयाँ आर्थिक नोक्सानी खेपिरहेका छन् ।

- **वर्षामा विद्युत् खेर जाने, तर हिउँदमा आइपर्ने संकटको दिगो समाधानमा सरकार उदासीन देखिन्छ ।**
- **विद्युत् खपत गर्ने भट्टीमा आधारित उद्योगमा त एकपटकको ट्रिपिङमा कम्तीमा १ लाख रूपैयाँको क्षति पुग्छ ।**
- **प्राधिकरणको अनियमित र न्यून गुणस्तरको विद्युत्को खराब असर अन्य उत्पादनको गुणस्तरमा जोडिएको छ ।**
- **ग्राहकलाई गुणस्तरीय सेवा दिनु सेवाप्रदायकको जिम्मेवारी र कानूनी दायित्व हो ।**
- **आजसम्म कुनै ग्राहकले प्राधिकरणबाट सहज रूपमा उचित क्षतिपूर्ति पाएको जानकारी छैन ।**
- **सरकार खुला बजारको कुरा त गर्छ, तर प्राधिकरणको एकाधिकार अन्त्य गर्ने सन्दर्भमा अनुदार छ ।**

अहिले अधिकांश उद्योगमा गुणस्तरका लागि स्वचालित प्रविधि प्रयोग गर्न थालिएको छ । ती प्रविधि चलाउन विद्युत्को आपूर्ति पनि गुणस्तरीय चाहिन्छ । अहिले कुनै पनि प्रसारण लाइनमा भनिएजति आपूर्ति छैन । प्राधिकरणको अनियमित र न्यून गुणस्तरको विद्युत्को खराब असर अन्य उत्पादनको गुणस्तरमा जोडिएको छ । यसमा प्राधिकरणलाई जिम्मेवार बनाउनुपर्छ कि पर्दैन ? अग्रवालको यो प्रश्न सान्दर्भिक छ । यसको सापेक्ष समाधान हुँदामात्रै ऊर्जा आपूर्तिका औसत बेथिति किनारा लाग्नेमा आशावादी बन्न सकिन्छ । अस्थिर भोल्टेजले घरायसी ग्राहकले पनि नोक्सानी बेहोर्नु परेको छ । मोटर, पङ्खा, एसी, टेलिभिजन, रेफ्रिजेरेटरलगायत विद्युतीय उपकरण जल्ने, बिग्रिनेजस्ता समस्या औसत बनेका छन् ।

क्षतिको जिम्मेवार को ?

ग्राहकलाई गुणस्तरीय सेवा दिनु सेवाप्रदायकको जिम्मेवारी हो । यो नैतिकमात्र होइन, कानूनी दायित्व हो । उपभोक्ता हितसम्बन्धी कानूनले भन्छ- उपभोक्तालाई कुनै प्रकारको नोक्सानी हुन्छ भने त्यसको क्षतिपूर्ति सेवाप्रदायकले भर्नुपर्छ । कानून बनाउनेदेखि कार्यान्वयन तहसम्म काम गर्ने सरकारी स्वामित्वको विद्युत् प्राधिकरण भने यसको अपवाद हो । विद्युत्जस्तो आधारभूत सेवाको व्यापारको एकाधिकार ओगटेको प्राधिकरणको पूर्वाधारजन्य कमजोरीबाट ग्राहकले बेहोरिरहेको आर्थिक क्षतिको पूर्ति कहाँबाट कसरी हुने ? क्षतिपूर्तिका व्यवस्था नभएका होइनन्, तर प्रक्रिया अति अव्यावहारिक र ग्राहकपीडक छन् । आजसम्म कुनै ग्राहकले प्राधिकरणबाट सहज रूपमा उचित क्षतिपूर्ति पाएको जानकारी छैन । यो स्वयम् प्राधिकरणका अधिकारीहरूकै स्वीकारोक्ति हो । सरकारी स्वामित्वको यो व्यापारिक प्रतिष्ठानका ग्राहक हितविपरीतका कामहरूले उन्मुक्ति पाउने हो ? यसमा सरकार उदासीन छ । उपभोक्तालाई न्यून गुणस्तरको वस्तु र सेवा आपूर्ति गर्ने औद्योगिक र व्यापारिक प्रतिष्ठानलाई आर्थिक जरीवानासँगै जेल हाल्ने प्रावधान ल्याउने सरकार आफै संलग्न भएको प्राधिकरणको यो मानोमानीमा किन मौन ?

बेथितिका चाङ

हिउँदमा उत्पादन खुम्चिएर आधाभन्दा तल झर्दा विद्युत् कटौतीको अवस्था आयो, वर्षामा बिजुली फालाफाल हुँदासमेत बत्ती झ्याप्झ्याप किन जान्छ ? प्राधिकरणका अधिकारीहरूको उत्तर हुन्छ- वितरणका पूर्वाधार अद्यावधिक भएनन् । प्रसारण लाइन र प्राविधिक पक्षलाई ठीक गर्न सकिएको छैन । व्यापारमा एकाधिकार लिएर मूल्यमा मनपरी चलाउने, सेवा प्रवाहलाई उपभोक्तामैत्री बनाउनु नपर्ने अनि पूर्वाधारमा लाचारी देखाउन मिल्छ ? अवश्य नमिल्ने कुरा हो । जवाफदेहिता र समाधानको दायित्व दुवै प्राधिकरणकै हो । विद्युत् वितरणमा एकाधिकार पाएको प्राधिकरणले पूर्वाधारको अभावमा भएकै बिजुली पनि प्रभावकारी तरिकाले ग्राहकसम्म पुऱ्याउन सकेको छैन । प्रसारणका पूर्वाधारमा कमजोरी छ । बढ्दो मागको भार यस्तै जीर्ण संरचनामै थोपरिएको छ । १९ सय मेगावाट त टुकी विस्थापनको मागमात्रै मानिएको छ । । अहिले नै ५ हजार मेगावाट खपत हुनसक्ने निजीक्षेत्रको दाबी मान्ने हो भने यो मागको आपूर्तिमा के गति होला ? प्रक्रियागत र नियतगत ढिलासुस्तीले प्रविधिको सापेक्ष स्तरोन्नति हुन नसकेको हो । पूर्वाधारका नाममा भ्रष्टाचारका पहेलीहरू पनि नौला विषय होइनन् । तामा भनेर अल्मुनियम तारबाट बनाइएका ट्रान्सफर्मर झिकाइएको तथ्य पुरानो भइसकेको छैन । यो तथ्यलाई सरकारले स्वीकार गरेको पनि छ, हुन नसकेको त सुधारमात्रै हो । पछिल्लो समयमा तयार प्रसारण लाइनमा बाह्य सहयोगको योगदान छ । यी पूर्वाधारमात्र पर्याप्त छैनन् । अमेरिकी अनुदानको एमसीसीबाट प्रसारण पूर्वाधार सुधारको अपेक्षा गरिएको थियो । पछिल्लो अमेरिकी नीतिले अन्योल बढाएको छ ।

बितेको वर्षामा बारा-पर्सामा सामान्य हावाहुरीले विद्युत्का सयौं पोल लडाइदिएको थियो । ठाउँठाउँमा ट्रान्सफर्मरमा क्षति पुगेको थियो । पोल गाड्ने बेलैमा थोरै लगानीमा ठूलो क्षति हुनबाट जोगाउन सकिने थियो । जस्तै, प्राधिकरणले जमीनमा खाल्डो खनेर पोल गाड्ने गरेको छ । त्यसै बेला पोल गाडिएको ठाउँमा थोरै खर्चमा सिमेन्ट, बालुवा र गिटीको कंक्रिट गरिदिने हो भने सानै हावाहुरीमा पोल ढल्ने स्थिति हुने थिएन । प्राधिकरणले काठमाडौंका केही स्थानमा बिजुलीका तार जमीनमुनि गाड्ने काम शुरू गरेको छ । तारको भूमिगत व्यवस्थापनलाई अब अभियानकै रूपमा अघि बढाइनुपर्छ । यसबाट हावाहुरीका कारण हुने भौतिक र मानवीय क्षति जोगाउन सकिन्छ । सेवाग्राहीसँग अतिरिक्त अनधिकृत रकम नलिई कामै नगर्ने मनोवृत्ति झन् खतरनाक छ । घूस नदिएसम्म कामै नगर्ने, यो र त्यो बहानामा सेवाग्राहीलाई दौडाइराख्ने, तर घूस हात परेपछि तुरुन्तै काम गरिदिने अभ्यास प्राधिकरणमा सामान्यजस्तै लाग्छ । यो प्रवृत्ति एक प्रकारले संस्थागत नै भइसकेको छ ।

एकाधिकार किन ?

विद्युत्को व्यापारमा प्रतिस्पर्धा यी सरोकारहरूको सम्बोधनको सापेक्षमात्र होइन, दीर्घकालीन निकासको उपाय हो । सरकार खुला बजारको कुरा त गर्छ, तर प्राधिकरणको एकाधिकार अन्त्य गर्ने सन्दर्भमा अनुदार छ । अहिले विद्युत्को कुल उत्पादन ३५ सय मेगावाटमध्ये सरकारी उत्पादन ७ सय मेगावाटमात्रै छ । अरूमा निजीक्षेत्रले उत्पादन गरिराखेको छ । अब निजीक्षेत्रलाई प्रसारण र वितरणमा पनि भित्र्याउनुपर्छ । यसमा ठूलो लगानीको खाँचो पर्छ । यो स्वदेशी निजीक्षेत्रको क्षमताबाट सम्भव हुँदैन । विदेशी लगानीकर्ता भित्र्याउने रणनीतिमा जानुपर्छ । खुला बजारले नै मूल्य र गुणस्तरमा प्रतिस्पर्धा भित्र्याउँछ, प्रतिस्पर्धाले सेवा प्रवाहको समय र लागतमा सुधार आउँछ । यसको लाभ ग्राहक हुँदै समग्र अर्थतन्त्रका सरोकारहरूमा जोडिनेमा द्विविधा छैन ।

आर्थिक वर्ष २०८०/८१ मा नेपालको वस्तुगत वैदेशिक व्यापार उच्च भएका केही मुलुक

मूल्य रू. हजारमा

क्रसं	साझेदार मुलुकहरू	आयात	निर्यात	सन्तुलन
१	भारत	९९६,६८२,१६१	१०३,१७६,९८३	-८९३,५०५,१७९
२	चीन	२९८,७७४,६४४	२,५८८,६१४	-२९६,१८६,०३०
३	युएई	२९,०८८,०६३	२,५७८,७२८	-२६,५०९,३३५
४	युक्रेन	१८,८८५,९५७	५८३	-१८,८८५,३७४
५	मलेशिया	१७,९१५,५५८	२४०,४८२	-१७,६७५,०७६
६	अस्ट्रेलिया	१५,३९५,२१७	१,८२४,३३४	-१३,५७०,८८३
७	अर्जेन्टिना	१२,३८१,७०५	१,८०३	-१२,३७९,९०२
८	फ्रान्स	१३,७७९,३४८	२,०५३,५९२	-११,७२५,७५६
९	साउदी अरेबिया	११,४८९,६००	५७,४९३	-११,४३२,१०७
१०	इन्डोनेशिया	१०,६५७,१६३	२९६,००५	-१०,३६१,१५८
११	थाइल्यान्ड	८,६५७,७२१	९४,७५०	-८,५६२,९७१
१२	कोरिया, गणराज्य	८,७१८,३७२	३३५,३०५	-८,३८३,०६८
१३	क्यानडा	८,९४०,०८७	१,३५१,७२५	-७,५८८,३६२
१४	सिंगापुर	६,९६७,६६९	३३९,४६१	-६,६२८,२०८
१५	ताइवान	५,९५६,५५२	१६०,१७०	-५,७९६,३८१
१६	ओमान	५,४१२,६८३	९,५७५	-५,४०३,१०७
१७	भियतनाम	५,२९२,८०८	७२,३८७	-५,२२०,४२१
१८	निर्दिष्ट छैन	४,९३२,५६२	-	-४,९३२,५६२
१९	जापान	६,३९४,६१९	१,५८६,२२४	-४,८०८,३९५
२०	बेल्जियम	५,१४०,८८३	४७२,९४१	-४,६६७,९४२
२१	कतार	४,१५६,३३७	१२२,३९५	-४,०३३,९४२
२२	बेलायत	७,०८६,६६०	३,०८३,४२२	-४,००३,२३८
२३	ब्राजिल	३,९३९,९६७	१०५,५९४	-३,८३४,३७४
२४	बंगलादेश	४,२२५,६०२	५५४,६६८	-३,६७०,९३४
२५	ब्रुनाई दारूसलाम	३,४६६,७२६	१,२९९	-३,४६५,४२७
२६	जर्मनी	७,९१२,७२२	४,४५२,०८७	-३,४६०,६३४
२७	टर्की	४,२६३,०४६	१,०८४,४१३	-३,१७८,६३३
२८	दक्षिण अफ्रिका	२,६३८,३९८	१३५,७४७	-२,५०२,६५२
२९	मोरक्को	२,५०१,०७८	७,७२३	-२,४९३,३५४
३०	हङकङ	२,९४६,११५	४७२,९४१	-२,४७३,१७३
३१	रूसी संघ	२,६२९,४१३	२३१,६६२	-२,३९७,७५१
३२	नेदरल्यान्ड्स	३,२९९,००५	९२०,२२३	-२,३७८,७८३
३३	संयुक्त राज्य अमेरिका	१९,४८२,४२७	१७,३१४,५६६	-२,१६७,८६०
३४	न्युजील्यान्ड	२,१४९,६८२	१५३,८४८	-१,९९५,८३५
३५	म्यानमार	१,९२६,३६५	८,८७३	-१,९१७,४९३
३६	इजरायल	१,८९९,८३९	४२,२८२	-१,८५७,५५७
३७	तुर्कमेनिस्तान	१,८१४,७२६	-	-१,८१४,७२६
३८	पोल्यान्ड	१,९२८,५१७	२०६,४८४	-१,७२२,०३३
३९	ग्वाटेमाला	१,४१५,२२५	३,७९४	-१,४११,४३१
४०	नाइजेरिया	१,३२८,७३३	८,४३९	-१,३२०,२९४
४१	इटाली	२,६५८,५१८	१,३६३,६९४	-१,२९४,८२४
४२	स्वीट्जरल्यान्ड	१,७२२,१५९	५७४,५१९	-१,१४७,६४१
४३	भुटान	१,४८२,१६८	४७१,७९३	-१,०१०,३७५
४४	संयुक्त गणतन्त्र तान्जानिया	१,०११,९९६	५,२३९	-१,००६,७५७
४५	स्वीडेन	१,०२८,५६२	२३९,५७२	-७८८,९८९
४६	इराक	७५१,९५२	८५२	-७५१,१००
४७	बहराइन	७६०,९४०	२१,०१६	-७३९,९२५
४८	आयरल्यान्ड	७८४,८१४	११५,१५१	-६६९,६६३
४९	स्पेन	१,०५१,२८५	३८९,६५८	-६६१,६२७
५०	फिलिपिन्स	६४९,७८८	१५,०१०	-६३४,७७८
५१	पाराग्वे	५७४,२८९	३४२	-५७३,९४७
५२	मेक्सिको	६०९,५५९	४०,८४४	-५६८,७१४
५३	पाकिस्तान	५६२,१९०	३८,६६४	-५२३,५२७
५४	टोगो	४३१,४१०	-	-४३१,४१०
५५	बुल्गेरिया	४२६,३२७	६,६७१	-४१९,६५६
५६	मोल्डोभा गणतन्त्र	३९५,५६१	२०	-३९५,५४१
५७	अस्ट्रिया	७११,४२७	३७०,०००	-३४१,४२७
५८	इथियोपिया	३३७,३४१	६	-३३७,३३४
५९	चेक गणराज्य	४८२,७८५	१९५,५६८	-२८७,२१७
६०	श्रीलंका	३००,१३९	२६,९८०	-२७३,१५९
६१	मोजाम्बिक	२०८,९०३	४१०	-२०८,४९३
६२	मंगोलिया	१९४,९८६	३,९३६	-१९१,०५०
६३	केन्या	२३५,९७५	५०,०९२	-१८५,८८४
६४	कुवेत	१८९,२१६	३४,९२१	-१५४,२९५
६५	बुर्किना फासो	१५३,६३०	-	-१५३,६३०
६६	चिली	१६०,४४२	११,३१३	-१४९,१३०

स्रोत : भन्सार विभाग

तस्वीर : एएफपी/रासस

दक्षिणी फ्रान्सको भिल्लेफ्रान्स-दे-पनाँमा भेडाको कच्चा दूधबाट रोक्युफोर्ट चिज उत्पादन गर्ने डेरीमा काम गर्दै एक कामदार । रोक्युफोर्टले सन् २०२५ मा फ्रान्समा आफ्नो प्रोटेक्टेड डेजिग्नेसन अफ ओरिजिन (पीडीओ), फ्रान्सेली भाषामा एप्पेलेसन डी'ओरिजिन प्रोटेजी (एओपी)को १००औं वार्षिकोत्सव मनाउँदै छ । शताब्दीऔं पुरानो यो दुग्ध उत्पादन सन् १९२५ को जुलाई २६ मा कानून पारित भएसँगै यसको उत्पत्तिको उपाधि प्रत्याभूत गर्ने एओपी लेबल पाउने पहिलो चिज हो ।

अलैंची किसानका समस्या पहिचान गर्न बगानमा विज्ञ

भोजपुर । जिल्लाका अलैंची किसानका समस्या समाधान गर्न विज्ञ समूह अलैंची बगानमा पुगेको छ । विभिन्न रोग, कीराको संक्रमणका कारण किसानको बगान नष्ट हुन थालेपछि अलैंची महासंघसहित विज्ञ समूह बगानमा पुगेको हो । कोशी प्रदेश सरकार र नेपाल व्यवसायी अलैंची महासंघको पहलमा अलैंची किसानको समस्या खोजी भइरहेको महासंघका महासचिव नारायणप्रसाद चिमोरियाले बताए । किसानको अलैंची बगानमा पुगेर समस्यासँगै गुणस्तरीय उत्पादन, बजारीकरणलगायत विषयमा जानकारी लिइएको उनले बताए ।

अलैंची किसानका समस्याको खोजी, पहिचानसँगै गुणस्तरीय उत्पादनको विषयमा ज्ञान प्रदान गर्न प्रदेश सरकारसँगको सहकार्यमा किसान लक्षित कार्यक्रम सञ्चालन गरिएको महासचिव चिमोरियाले जानकारी दिए । यो कार्यक्रमअन्तर्गत अलैंचीका विज्ञ प्राविधिकले सरोकारवाला पक्ष र किसानलाई अलैंचीमा देखिएका समस्या, त्यसको समाधान र गुणस्तरीय उत्पादनका विषयमा जानकारी दिने काम भइरहेको उनले बताए ।

महासचिव चिमोरिया भन्छन्, 'विज्ञ समूहसहित किसानको अलैंची बगानमा पुरेर समस्या पहिचान गरी समाधानका उपाय दिंदै आएका छौं । योसँगै बजारीकरण र गुणस्तरीय उत्पादनका विषयमा किसानलाई आवश्यक प्राविधिक ज्ञान प्रदान गरिरहेका छौं ।' व्यावसायिक अलैंचीखेतीमा लागेका किसानको समस्या खोजी गर्न भोजपुरको टेम्केमैयुङगाउँपालिका-५ चोलन्तीमा कार्यक्रम सञ्चालन गरिएको उनले उल्लेख गरे ।

यहाँका किसानको बगानमा पुगेर प्रयोगात्मक रूपमा अलैंचीमा देखिएका रोग र संक्रमण पत्ता लगाउने, समस्या पहिचानसहित समाधानका विकल्पलगायत विषयमा प्रत्यक्ष साक्षत्कार गरिएको नेपाल अलैंची व्यावसायिक महासंघका अध्यक्ष निर्मल भण्डारीले जानकारी दिए ।

विज्ञ प्राविधिकले सरोकारवाला पक्ष र किसानलाई अलैंचीमा देखिएका समस्या, त्यसको समाधान र गुणस्तरीय उत्पादनका विषयमा जानकारी दिने काम गरिरहेका छन् ।

पछिल्लो समय अलैंचीमा विभिन्न रोग लागेर उत्पादनमा ह्रास आएकाले बगानमा पुगेर किसानलाई आवश्यक प्राविधिक ज्ञान प्रदान गर्न कार्यक्रम सञ्चालन गरिएको अध्यक्ष भण्डारीले बताए । यो कार्यक्रमअन्तर्गत अलैंची बढी उत्पादन हुने कोशी प्रदेशका नौ जिल्लाका किसानका बगानमा पुग्ने अभियान रहेको उनले जानकारी दिए । 'पछिल्लो समय अलैंचीमा विभिन्न समस्या देखिरहेका छन्,' अध्यक्ष भण्डारीले भने, 'जसका कारण धेरै किसानका बगान नष्ट भएका छन् । किसानलाई स्थलगत रूपमा आवश्यक ज्ञान प्रदान गर्न हामीले कार्यक्रम सञ्चालन गरिरहेका छौं ।'

स्थलगत अनुगमनका क्रममा किसानले विस्तार गरेका बगानमा विभिन्न रोगको संक्रमण र उपचार विधिका विषयमा आवश्यक जानकारी प्रदान गरिएको अलैंची विकास केन्द्र इलामका प्राविधिक दिलबहादुर श्रेष्ठले जानकारी दिए । बगान अनुगमनका क्रममा बोट सुक्ने, गानो कुहिनेलगायत रोग बढी मात्रामा देखिएको उनको भनाइ छ ।

'किसानको बगानलाई लक्षित गरी रोग र उपचारको पद्दतिका बारेमा ज्ञान दिएका छौं,' उनले भने, 'किसानमा रोगको संक्रमण, उपचार विधि, संक्रमण रोकथामलगायत विषयमा जानकारी नुहँदा पनि समस्या भएको पाएपछि उत्पादन बढाउन र किसानलाई प्रोत्साहन गर्न प्राविधिक ज्ञानसहित आवश्यक जानकारी दिइरहेका छौं ।'

अलैंचीमा देखिएका समस्या र समाधानका विषयमा जानकारी दिन र किसानलाई खेतीमा आकर्षित गर्न कार्यक्रम सञ्चालन गरिएको जिल्लास्थित कृषि ज्ञान केन्द्रका प्रमुख मुकेशकुमार यादवले बताए । 'अलैंचीमा जीवाणु र ढुसीजन्य रोगको संक्रमण बढी मात्रा देखिएको छ । समस्या समाधान किसान आफैंले गर्न सकुन् भनेर अभियान सञ्चालन गरिएको हो,' उनले भने ।

अलैंची व्यवसायी संघ जिल्ला शाखाका अध्यक्ष राजेश विष्टले जिल्लाका किसानको आम्दानीको स्रोत बढाउन, उत्पादन वृद्धि गर्न अभियान सञ्चालन गरिएको बताए । 'यहाँका धेरै किसानले अलैंचीको व्यावसायिक खेती गरिरहेका छन्,' उनले भने, 'आवश्यक प्राविधिक ज्ञान नहुँदा किसानले विभिन्न समस्या भोग्दै आएकाले समाधानका उपायसहित प्राविधिक र बजारीकरणमा समन्वय गर्न कार्यक्रम गरिरहेका छौं ।' गाउँपालिकाका किसानको आम्दानीको प्रमुख स्रोतका रूपमा अलैंची रहेकाले यसको विकास तथा विस्तारमा जोड दिइएको गाउँपालिकाका अध्यक्ष सरोज बस्नेतले बताए । किसानले गुणस्तरीय उत्पादनमा जोड दिन तथा व्यवसायलाई निरन्तरता दिन सकुन् भनेर नगरपालिकाले पहल गरिरहेको उनको भनाइ छ ।

विभिन्न रोगसँगै मूल्यमा स्थिरता नभएकाले समस्या हुने गरेको टेम्केमैयुङ-५ चोलन्तीका किसान चक्रबहादुर विष्टले बताए । राज्यको तहबाट बजारीकरणसँगै अलैंची किसानका लागि दक्ष प्राविधिक, उन्नत जातको बिरुवा वितरण र माटो परीक्षणमा सहयोग गर्न आवश्यक रहेकामा उनले जोड दिए । *रासस*

मकैका पाँच जात सिफारिश गर्ने तयारी

चितवन । रामपुरस्थित राष्ट्रिय मकै बाली अनुसन्धान कार्यक्रमले यहाँ विकास र परीक्षण गरेका पाँच जातको सिफारिश गर्ने तयारी गरेको छ । झन्डै १२ वर्षदेखि मुलुकका विभिन्न स्थानमा परीक्षण गरिँदै आएका जातहरूको सिफारिश गर्ने तयारी गरिएको हो ।

सिफारिश गर्न लागिएका उन्नत जातमा बीजीबीवाईपीओपी र टीएलबीआरएसओ-७एफ१६ छन् । अहिले परीक्षणका क्रममा रहेका र अब यिनलाई सिफारिश गर्ने तयारी गरिएको कार्यक्रमका संयोजक तीर्थराज रिजालले जानकारी दिए । असारसम्ममा बीउबिजन गुणस्तर तथा नियन्त्रण केन्द्रमा सिफारिश गर्ने तयारी गरिएको छ । केन्द्रले अनुमोदन गरेर राष्ट्रिय बीउ नियन्त्रण केन्द्रमा पठाउँछ । त्यहाँ अनुमोदन भएपछि व्यावसायिक उत्पादनका लागि आउने रिजालले जानकारी दिए ।

यस कार्यक्रममार्फत नेपालमा अहिलेसम्म उन्नत जातका लागि ३१ ओटा मकै बीउका जात सिफारिश गरिएको छ, जुन नेपालीले रुचाएका छन् । उच्च पहाडका लागि गणेश-१ र २, मध्यपहाडका लागि मनकामना-१, ३, ५, ७ र ९ जात सिफारिश गरिएको छ । यस्तै, तराईका लागि रामपुर जातको मकै सिफारिश गरिएको उनले बताए । अहिले सिफारिश गर्न लागिएका मकै तराई र मध्यपहाडी क्षेत्रका लागि उपयुक्त हुने बताइएको छ ।

किसानलाई चाँडो पाक्ने खालका मकै पनि सिफारिश गरिएको छ, जसमा अरुण-१, २, ३, ४, ५, ६ जातका छन् । यी मकै लगाएको ८० देखि ९० दिनमा तयार हुन्छन् । अन्य मकैलाई तयार हुन १२० देखि १५०

असारसम्ममा बीउबिजन गुणस्तर तथा नियन्त्रण केन्द्रमा सिफारिश गर्ने तयारी गरिएको छ । केन्द्रले अनुमोदन गरेर राष्ट्रिय बीउ नियन्त्रण केन्द्रमा पठाउँछ ।

दिनसम्म लाग्ने रिजालको भनाइ छ ।

कार्यालयले हाइब्रिड मकैतर्फ अहिलेसम्म १० जात सिफारिश गरेको छ । अहिले तीन जात सिफारिशको चरणमा रहेको उनले बताए । सिफारिश गर्न लागिएका जात सीएएच-१५११, सीएएच-११८७, सीएएच-१९ छन् । यी मकैमा तापक्रम सहन सक्ने क्षमता भएकाले भित्री मधेश र तराईका जिल्लाका लागि सिफारिशको काम भइरहेको रिजालले बताए । उनी भन्छन्, '२०७७ सालदेखि हामीले कुनै जातको मकै सिफारिश गरेका छैनौं, अब पाँच जातका मकै सिफारिशको तयारीमा छौं ।' यी तीन जात आगामी वर्ष सिफारिश गर्ने तयारी छ । नेपालमा पहिलोपटक सन् २००१ मा गौरव जातको हाइब्रिड मकै सिफारिश गरिएको थियो । त्यसयता रामपुर हाइब्रिड-२, ४, ६, ८, १० लगायत मकै सिफारिश भइसकेको उनले बताए । हाइब्रिड जातमा नौओटा तराईका लागि हुन् भने एउटा मध्यपहाडका लागि हो । उनले भने, 'हामीले वंशको मात्रै विकास गर्दैनौं, मकैमा लाग्ने कीरा नियन्त्रण, माटो सुधार कसरी गर्न सकिन्छ भन्ने विषयमा अध्ययनलगायत काम गर्दै आएका छौं ।'

कार्यक्रमअन्तर्गत अहिलेसम्म किसानले नरुचाएका आठओटा जातलाई सूचीबाट हटाइसकिएको छ भने पाँचओटालाई सूचीबाट हटाउन सिफारिशको तयारी थालिएको छ । चलनचल्तीमा नआएका, रोग र कीराले समस्या बनाएका यस्ता जातलाई सूचीबाट हटाउन सिफारिश गर्ने गरिन्छ । यस कार्यक्रमले पहिलोपटक २०३३ सालमा रामपुर कम्पोजिट मकैको बीउ सिफारिश गरेर बीउ उत्पादनको काम थालेको थियो । *रासस*

सिंगो दलित परिवार नागरिकताविहीन

शम्भुनाथ (सप्तरी) । एउटा सिंगो दलित परिवार नै नागरिकताबाट वञ्चित रहेको सुन्दा अचम्म लाग्न सक्छ । तर, यथार्थ यही हो । सप्तरीको शम्भुनाथ नगरपालिका-३, कचन्दाहाका मागैन सदाका पूरै परिवार नागरिकताविहीन छ । 'नेपालमै जन्मिएँ, यही हुर्किएँ तर अहिलेसम्म आफू नेपाली भएको प्रमाण पाउन सकेको छैन,' ६० वर्षीय मागैनले भने ।

घरको मुख्य व्यक्ति मागैनको नागरिकता नबन्दा उनकी श्रीमती ५५ वर्षीया उर्मिलादेवी, जेठो छोरा २२ वर्षीय गोविन्दा, कान्छो छोरा १९ वर्षीय दीपक नागरिकताविहीन छन् । नागरिकता नभएपछि उनीहरूले अहिलेसम्म राज्यबाट पाउनुपर्ने कुनै सेवा पाएका छैनन् । स्थानीय साहुमहाजनको घरमा खेतीपातीको काम गर्दै आएका मागैनले नागरिकताका लागि सबै निकायमा धाए पनि नपाएको गुनासो गरे । बुबा फनि र आमा चरीको नागरिकता नहुँदा मागैनको पूरै परिवार पहिचानबाट वञ्चित भएको हो । 'बुबाको नागरिकता नहुँदा मेरो जन्मदर्ता बन्न सकेन, मेरो नागरिकता नहुँदा श्रीमती र छोराहरूको समेत पहिचान बन्न नसकेको हो,' उनी भन्छन्, 'जन्मदर्ता नबन्दा छोराहरूले विद्यालयमा पढ्न पाएनन्, सानै उमेरमा कमाउन भारत जानुपर्ने अवस्था आयो ।' आर्थिक विपन्नताका कारण केही समय रोजगारीका लागि भारतको पञ्जाबमा काम गरेर फर्केका मागैनले अब स्वदेशमै मेहनत गर्न चाहे पनि नेपाली भएको प्रमाण नहुँदा समस्या भइरहेको सुनाए । उनले नागरिकताका लागि तत्कालीन गाउँ विकास समिति कार्यालयदेखि अहिलेको स्थानीय तहको वडा कार्यालयसम्म धाएको बताए ।

'नागरिकताको सिफारिशका लागि जन्मदर्ता खोज्छन्, श्रीमानको नागरिकता र आमाबुबाको नागरिकता माग्छन्,' उर्मिला भन्छिन्, 'न मेरो जन्मदर्ता छ, न श्रीमान्को नागरिकता छ । नेपाली भएको प्रमाण नै छैन ।' नागरिकता नहुँदा समाज तथा समुदायबाट पनि अलग हुनुपरेको दुखेसो सुनाउँदै उर्मिला थप्छिन्, 'नागरिकता अभावमा गाउँस्तरमा बन्ने कुनै पनि समूहमा सदस्यता पाएको छैन ।'

यस्तै समस्यासँग जुध्दै छ सोही ठाउँका चन्दर सदाको परिवार पनि । उनका बुबा धोथर सदाको नागरिकता नहुँदा चन्दरको सिंगो परिवार नागरिकताबाट वञ्चित छ ।

चन्दरको नागरिकता नहुँदा उनकी ३५ वर्षीया श्रीमती कदमीदेवी, जेठी छोरी १७ वर्षीया पूजा, १५ वर्षीया छोरी श्रद्धा, १० वर्षीय छोरा फुलेशरा, ६ वर्षीया छोरी फुलेश्वरी र ४ वर्षीय छोरा आयुष पनि जन्मदर्ता र नागरिकताबाट वञ्चित छन् । चन्दरका बुबा धोथरको नागरिकता नबन्दा अहिले पूरै परिवार

पहिचानविहीन छ । यो समस्या सप्तरीका अन्य स्थानीय तहमा पनि छ । सप्तरीका विभिन्न स्थानीय तहमा जन्मदर्ता, विवाह दर्ता र नागरिकताको ठूलो समस्या पाइएपछि व्यक्तिगत घटना दर्ताका लागि सचेतना कार्यक्रमसमेत शुरू गरिएको छ ।

द फ्रिडम फन्डको सहयोगमा श्रीपुर जि सामुदायिक विकास केन्द्रले सप्तरीमा हरवाचरवा दलित समुदाय लक्षित घटना दर्ता अभियान सञ्चालन गरेको हो । अभियानका क्रममा शम्भुनाथ नगरपालिकाका विभिन्न वडा तथा जिल्लाका विभिन्न स्थानीय तहमा नागरिकताबाट वञ्चित भएकाहरूको तथ्यांक संकलन गरी जन्मदर्ता र नागरिकता बनाउनसमेत पहल गरिरहेको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता बिजली राम बताउँछन् ।

उनका अनुसार सप्तरीको शम्भुनाथ, बोदेबर्साइन, डाक्नेश्वरी नगरपालिका र रुपनी गाउँपालिकामा तथ्यांक संकलनसँगै नागरिकता, जन्मदर्ता बनाउने अभियान सञ्चालन गर्दै आएको छ । यसरी जन्मदर्ताबाट वञ्चित रहेका व्यक्तिमध्ये अधिकांशले जन्मदर्ताकै कारण पढ्न पाएका छैनन् ।

चेतना अभावमा नागरिकता र जन्मदर्ताको महत्त्व नबुझेर पूर्वजहरूले समयमै जन्म, विवाह र मृत्युदर्ता बनाउन होस नपुऱ्याउँदा अहिलेको सन्ततिले नराम्ररी दुःख पाइरहेको शम्भुनाथ नगरपालिकाका कार्यवाहक नगरप्रमुख अनिताकुमारी चौधरीको भनाइ छ ।

'त्यतिखेर पूर्वजहरूले नागरिकताको महत्त्व बुझेनन् र बनाउने प्रयास पनि गरेनन्,' कार्यवाहक नगरप्रमुख चौधरीले भनिन्, 'अहिले सन्ततिले दुःख पाइरहेका छन् । कानूनी जटिलता छ, हामीले चाहेर पनि नागरिकताका लागि सिफारिश गर्न सक्ने अवस्था छैन ।'

प्रमाण जुटाउन नसक्दा जन्मदर्ता र नागरिकताको सिफारिश गर्न कठिनाइ भइरहेको सुनाउँदै शम्भुनाथ नगरपालिका-३ का वडाध्यक्ष नवीनकुमार चौधरी ती परिवारको नागरिकता समस्या समाधानका लागि पहल गरिरहेको बताउँछन् ।

भत्ताबाट पनि वञ्चित

शम्भुनाथ नगरपालिका-३, कचन्दाहाका सतोदेवी सदा उमेरले ७२ वर्ष पूरा गरिसकिन् । तर, नागरिकता नहुँदा उनले सरकारले दिने बृद्धभत्ता पाउन सकेकी छैनन् । २५ वर्षकै उमेरमा पति गुमाएकी सतोदेवीले नागरिकता नभएकै कारण राज्यबाट प्राप्त हुने सबै सुविधाबाट वञ्चित हुनुपरेको दुखेसो सुनाइन् ।

दलित मुसहर बस्तीमा एउटा फुसको छाप्रोमा कष्टकर जीवन बिताउँदै आएकी सतोदेवीले नागरिकताका लागि थुप्रै ठाउँमा गुहारे पनि सफलता पाइनन् । 'छोराहरू सानै थिए, त्यत्तिबेलै पतिको मृत्यु भयो, पतिको नागरिकता थिएन,' सतोदेवी आँखाबाट आँसु झार्दै भनिन्, 'पतिको नागरिकता नहुँदा मेरो पनि बन्नेन, अहिले सबै सुविधाबाट वञ्चित छु । बुढेसकालमा पेट पाल्न न कुनै काम गर्न सक्छु, न सरकारले दिएको सुविधा पाइन्छ । मागेर पेट पालिरहेको छु ।'

श्रीमानको मृत्युपछि हरेक एकल महिलाले राज्यबाट सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था छ । तर, नागरिकता नहुँदा आफू ती सुविधाबाट वञ्चित हुनुपरेको सतोदेवीको भनाइ छ । नागरिकता बनाइदिन वडाअध्यक्षदेखि सिडिओसम्म गुहारे पनि नबनेको उनले बताइन् । 'वडाध्यक्षकहाँ पुग्दा पतिको नागरिकता ल्याउनु, सनाखत गर्ने मान्छे बोलाउनु भन्छन्,' सतोदेवी भन्छिन्, 'तर न पतिको नागरिकता छ, न सनाखत गर्ने भाइभतिजा नै छन् ।' *रासस*

सागसब्जी खेतीबाट वार्षिक सात लाख आम्दानी

दमौली (तनहुँ) । जिल्लाको भिमाद नगरपालिका-९, पाइमीका हिराबहादुर थापा २९ वर्षदेखि सागसब्जी खेतीमा आवद्ध छन् । २०५२ सालमा थानकोटबाट सागसब्जी खेती शुरू गरेका थापाले पछिल्लो समय आफ्नै गाउँ फर्किएर खेती विस्तार गरेका हुन् । विगतमा अन्यत्र खेती गर्दा जग्गा भाडा लिनुपर्ने बाध्यता रहेको बताउँदै थापाले अहिले आफ्नै सात रोपनी जग्गामा खेती गरिरहेको जानकारी दिए । गाउँको जग्गा बाँझो भएकोले यहाँ आएर सागसब्जी खेतीलाई निरन्तरता दिएको उनले बताए ।

थापा भन्छन्, 'अन्यत्र अर्काको जग्गा भाडामा लिएर खेती गर्दा गुजारा मात्रै चल्ने आम्दानी हुन्थ्यो । गाउँ फर्किएर बाँझो रहेको आफ्नै जमिनमा खेती गरिरहेको छु, अहिले आम्दानीसँगै बचत पनि भइरहेकाले सन्तुष्ट छु ।' शुरूमा थानकोटमा जग्गा भाडामा लिएर सागसब्जी खेती गरेको जानकारी दिँदै उनले त्यहाँ गोलभेंडा उत्पादन नभएपछि गाउँ फर्किएको अनुभव सुनाए ।

उनले भने, 'खैरेनीटारमा गोलभेंडा उत्पादन भएन । जग्गाको भाडा तिर्ने खर्च पनि जुटाउन गाह्रो भएपछि माटोको परीक्षण र अनुसन्धान गरें । त्यहाँको माटो उपयुक्त नरहेको पाएपछि २०७९ सालमा गाउँ फर्किएँ ।'

अहिले वार्षिक ७ लाख रुपैयाँभन्दा बढी आम्दानी हुने गरेको थापाले जानकारी दिए । उत्पादित सागसब्जी विक्रीका लागि बजारको समस्या नरहेको भन्दै उनले सिँचाइ अभाव भएकाले ४० हजार लिटरको पोखरी बनाएर प्रयोग गरिरहेको बताए ।

दुईओटा टनेलबाट शुरू गरेको सागसब्जी खेती विस्तार गर्दै अहिले ११ ओटा टनेल बनाएको थापाले बताए । उनले बोडी, सिमी, काँक्रो, भिन्डी, फर्सी, लौका, अकबरे, गोलभेंडा, करेला उत्पादन गरिरहेका छन् । 'सागसब्जी कहाँ विक्री गर्ने भन्ने समस्या छैन । दुलेगौंडा, खैरेनीटार, भिमादलगायत स्थानीयस्तरमा खपत भइरहेको छ ।' *रासस*

राज ब्रुअरी प्रा. लि.
नवलपरासी, नेपाल

सार्वजनिक सूचना

मिति २०८१/१२/८ गतेदेखि नेपाल अधिराज्य भरी लागू हुने गरी यस कम्पनीको देहाय बमोजिमको उत्पादनहरुको निम्नानुसार मूल्य निर्धारण गरेको व्यहोरा सबैको जानकारीको लागि सूचित गरिन्छ ।

विवरण	हिमालयन ड्रागन वियर (१२X६५० मि. लि.)
डिलर मूल्य (प्रति कार्टुन)	२,९७८.४९
डिलर कमिसन (प्रति कार्टुन)	७७.४४
थोक बिक्रेता मूल्य (प्रति कार्टुन)	३,०६६.००
थोक बिक्रेता कमिसन (प्रति कार्टुन)	५४.४८
खुरा विक्रेता मूल्य (प्रति कार्टुन)	३,१२७.५७
खुरा बिक्रेता कमिसन (प्रति कार्टुन)	२९२.४३
अधिकतम उपभोक्ता मूल्य (प्रति कार्टुन)	३,४२०.००
अधिकतम उपभोक्ता मूल्य (प्रति बोटल)	२८५.००

नोटः उपरोक्त निर्धारित बिक्री मूल्यहरुमा डिलर मूल्यदेखि खुद्रा बिक्रेता मूल्यसम्म मूल्य अभिवृद्धि करको दायित्व समेत समावेश गरिएको छ ।

राज ब्रुअरी प्रा. लि.
पो.ब.नं. : ३३०१०६, नवलपरासी, नेपाल ।

आगामी साधारणसभा

क्र.सं.	कम्पनीको नाम	आर्थिक वर्ष	स्थान	मिति	समय	प्रस्तावित लाभांश (%)		अन्य प्रस्ताव	बुक क्लोज
						बोनस	नगद		
१	एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/८१	गोर्खा होटल, धरान, सुनसरी	चैत ८	९:००			शेयर स्वामित्व संरचना परिवर्तन गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २८
२	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड	२०८०/८१	अनमोल ब्याङ्क्वेट, शंखमुल, काठमाडौं	चैत ८	११:००	१.२४८९	८	वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २६
३	सिन्धु विकास बैंक लिमिटेड	२०७९/८०, २०८०/८१	मिरावल रिसोर्ट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक	चैत ८	९:००			५० प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदनहरू पारित गर्ने	फागुन १५
४	नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/८१	रोयल कुश्मा रिसोर्ट, कुश्मा, पर्वत	चैत १०	११:३०	१४.२५	०.७५	वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २८
५	मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/८१	होटल भ्यू भक्तपुर, जगाती, भक्तपुर	चैत १०	१०:३०			वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २५
६	युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड	२०८०/८१	आभ्या क्लब, घारीपाटन, पोखरा	चैत ११	११:००	४	०.२११	शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २३
७	गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड	२०८०/८१	होटेल एयरपोर्ट, मोरङ, विराटनगर	चैत ११	११:००			सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २६
८	एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड	२०८०/८१	सिद्धार्थ होटल, बिर्तामोड, झापा	चैत ११	११:००			सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २९
९	राधी विद्युत् कम्पनी लिमिटेड	विशेष	हिमशिखर पार्टी भेन्यू, चापागाउँ, ललितपुर	चैत ११	८:००			सञ्चालकको नियुक्ति	फागुन २५
१०	साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड	२०८०/८१	त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं	चैत १५	११:००		१०	वार्षिक प्रतिवेदन पारित गर्ने	चैत १ - चैत १५
११	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२०८०/८१	आम्रपाली ब्याङ्क्वेट, नक्साल, काठमाडौं	चैत १५	११:००	२६.९८४१२६९८	१.४२०२२	वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २८
१२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	२०८०/८१	नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं	चैत १९	११:००	१५	०.७९	वार्षिक प्रतिवेदन पारित गर्ने	चैत ७
१३	चिरख्वा हाइड्रोपावर लिमिटेड	२०८०/८१	कुण्डलिनी रोयल्स, जोरपाटी, काठमाडौं	चैत २०	९:००			सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने	चैत १२
१४	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड	२०८०/८१	अमृतभोग, कालिकास्थान, काठमाडौं	चैत २१	११:००	७.५	०.३९४७	१७ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदनहरू पारित गर्ने	चैत ८
१५	अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड	विशेष	युनियन हाउस, अनामनगर, काठमाडौं	चैत २२	११:००			शतप्रतिशत हकप्रद शेयर जारी गर्ने	चैत १४
१६	युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड	२०८०/८१	कालिमाटी ब्याङ्क्वेट हल, कालिमाटी, काठमाडौं	चैत २७	११:००			६५ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदनहरू पारित गर्ने	चैत ८
१७	ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड	२०८०/८१	होटल पिस प्यालेस, बागलुङ	चैत २७	११:००	५.७५	०.३०२७	११०.७१ प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने	चैत १५

नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका जलविद्युत् समूहका कम्पनीहरू

क्र.सं.	कम्पनीको नाम	निष्कासन हुने कित्ता	निष्कासन मूल्य (रू)	विक्री प्रबन्धक	निवेदन मिति
१	सानिमा हाइड्रोपावर लिमिटेड	१,४७०,०००	१००	सानिमा क्यापिटल लिमिटेड	२०८० जेठ २६
२	हिमस्टार उर्जा कम्पनी लिमिटेड	१,११९,०००	१००	एन आई सी एशिया क्यापिटल लि.	२०८० जेठ ३१
३	दरम खोला हाइड्रो इनर्जी लिमिटेड	३,९५०,०००	१००	लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड	२०८० भदौ ५
४	भुजुङ्ग हाइड्रोपावर लिमिटेड	१,४५५,०००	१००	कुमारी क्यापिटल लिमिटेड	२०८० भदौ १३
५	सान्भि इनर्जी लिमिटेड	३,७९०,०००	१००	नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि.	२०८० भदौ २७
६	रिचेत जलविद्युत् कम्पनी लिमिटेड	१,१७६,४५०	१००	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८० भदौ २९
७	बेनी हाइड्रोपावर प्रोजेक्ट लिमिटेड	२,०८०,०००	१००	एनएमबि क्यापिटल लिमिटेड	२०८० असोज ५
८	याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड	२,८००,०००	१००	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८० असोज १०
९	माबिलुङ्ग इनर्जी लिमिटेड	१,८९०,५३०	१००	लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड	२०८० असोज १४
१०	सोलु हाइड्रोपावर लिमिटेड	२०,०००,०००	१००	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८० असोज २३
११	टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड	४,२३०,६६८	१००	प्रभु क्यापिटल लिमिटेड	२०८० असोज २६
१२	विकास हाइड्रोपावर कम्पनी लिमिटेड	४,४५४,५९६	१००	प्रभु क्यापिटल लिमिटेड	२०८० मङ्सिर १९
१३	रिज लाईन इनर्जी लिमिटेड	५,८०४,२०१	१००	प्रभु क्यापिटल लिमिटेड	२०८० मङ्सिर २५
१४	लाफिङ्ग बुद्ध पावर नेपाल लिमिटेड	६,५७७,०००	१००	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८० पुस २
१५	कालिन्चोक हाइड्रोपावर लिमिटेड	७५०,०००	१००	आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड	२०८० माघ २२
१६	हिम रिभर पावर लिमिटेड	१,३३०,०००	१००	सिद्धार्थ क्यापिटल लिमिटेड	२०८० माघ २८
१७	लोअर इर्खुवा हाइड्रोपावर कम्पनी लि.	२,८०५,७५०	१००	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८० फागुन ११
१८	बुंगल हाइड्रो लिमिटेड	२,९०५,०००	१००	हिमालयन क्यापिटल लिमिटेड	२०८० चैत ६
१९	कलंगा हाइड्रो लिमिटेड	४,९००,०००	१००	सानिमा क्यापिटल लिमिटेड	२०८० चैत ६
२०	सानीगाड हाइड्रो लिमिटेड	८,५५०,०००	१००	लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड	२०८० चैत ६
२१	एपेक्स मकालु हाइड्रोपावर लिमिटेड	२,४००,०००	१००	सानिमा क्यापिटल लिमिटेड	२०८० चैत १८
२२	अपोलो हाइड्रोपावर लिमिटेड	१,४१०,०००	१००	हिमालयन क्यापिटल लिमिटेड	२०८० चैत २०
२३	गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड	२,४००,०००	१००	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८० चैत २१
२४	शिखर पावर डेभलपमेन्ट लिमिटेड	२,१६०,०००	१००	ग्लोबल आइएमई क्यापिटल लिमिटेड	२०८० चैत ३०
२५	सिउरी न्यादी पावर लिमिटेड	३०,३६०,७८४	१००	एनएमबि क्यापिटल लिमिटेड	२०८१ वैशाख १८
२६	सुपर खुदी हाइड्रोपावर लिमिटेड	७,५९५,०००	१००	ग्लोबल आइएमई क्यापिटल लिमिटेड	२०८१ वैशाख ३०
२७	माउण्ट एभरेष्ट पावर डेभलपमेन्ट लि.	२,५८०,०००	१००	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८१ जेठ ६
२८	यूनिक हाईडेल कम्पनी लिमिटेड	२,२००,०००	१००	ग्लोबल आइएमई क्यापिटल लिमिटेड	२०८१ जेठ १६
२९	आशुतोष इनर्जी लिमिटेड	१,२००,०००	१००	एनएमबि क्यापिटल लिमिटेड	२०८१ जेठ २१
३०	हिलटन हाइड्रो इनर्जी लिमिटेड	१,३७५,०००	१००	सानिमा क्यापिटल लिमिटेड	२०८१ जेठ २४
३१	स्नो रिभर्स लिमिटेड	१,६२५,०००	१००	सानिमा क्यापिटल लिमिटेड	२०८१ जेठ २४
३२	सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड	१,३७९,३५०	१००	कुमारी क्यापिटल लिमिटेड	२०८१ असार ४
३३	पुवा खोला-वान हाइड्रोपावर लिमिटेड	१,९४६,६६०	१००	लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड	२०८१ असार ५
३४	मादमे खोला हाइड्रोपावर लिमिटेड	३,२५०,०००	१००	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८१ साउन १३
३५	निलगिरी खोला हाइड्रोपावर कम्पनी लि.	४,३२०,०००	१००	प्रभु क्यापिटल लिमिटेड	२०८१ साउन २२
३६	पिपुल्स इनर्जी लिमिटेड	६,६००,०००	१००	सानिमा क्यापिटल लिमिटेड	२०८१ साउन २३
३७	चम्पावती हाइड्रोपावर लिमिटेड	१,६००,०००	१००	आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड	२०८१ कात्तिक ४
३८	हीम पर्वत हाइड्रोपावर लिमिटेड	५,९१५,०००	१००	सिटिजन्स क्यापिटल लिमिटेड	२०८१ मङ्सिर ५
३९	सेन्चुरी इनर्जी लिमिटेड	३००,०००	२७५.११	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८१ मङ्सिर १४
४०	हृयाविटयाट पावर कम्पनी लिमिटेड	१,१००,०००	१००	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८१ मङ्सिर २१
४१	नुम्बुर हिमालय हाइड्रोपावर लिमिटेड	३,००६,२०२	२१८	लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड	२०८१ पुस ७
४२	युनाइटेड मेवा खोला हाइड्रोपावर लिमिटेड	१२,३००,०००	१००	सिटिजन्स क्यापिटल लिमिटेड	२०८१ पुस ११
४३	आरती पावर कम्पनी लिमिटेड	३,६००,०००	१००	ग्लोबल आइएमई क्यापिटल लिमिटेड	२०८१ फागुन ९
४४	मेवा डेभलपर्स लिमिटेड	११,२००,०००	१००	हिमालयन क्यापिटल लिमिटेड	२०८१ फागुन ९

नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुबीमा समूहका कम्पनीहरू

क्र.सं.	कम्पनीको नाम	निष्कासन हुने कित्ता	निष्कासन मूल्य (रू)	विक्री प्रबन्धक	निवेदन मिति
१	प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड	२,२५०,०००	१००	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८१ असोज २०
२	स्टार माइक्रो इन्स्योरेन्स लिमिटेड	२,२५०,०००	१००	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८१ मङ्सिर ९
३	लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लि.	२,२५०,०००	१००	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८१ मङ्सिर २०

नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका होटल तथा पर्यटन समूहका कम्पनीहरू

क्र.सं.	कम्पनीको नाम	निष्कासन हुने कित्ता	निष्कासन मूल्य (रू)	विक्री प्रबन्धक	निवेदन मिति
१	एपेक्स हस्पिटालिटी लिमिटेड	२,४००,०००	१००	हिमालयन क्यापिटल लिमिटेड	२०८० असोज १२
२	होटल फरेष्ट इन लिमिटेड	९,८००,०००	१००	एन आई सी एशिया क्यापिटल लिमिटेड	२०८० कात्तिक १५
३	अर्किड होल्डिङ्ग्स लिमिटेड	११,५००,०००	१००	लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड	२०८० मङ्सिर १३
४	अन्नपूर्ण केबल कार लिमिटेड	३,१००,०००	१००	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८० पुस १६
५	बन्दीपुर केबलकार एण्ड टुरिजम लि.	३,०६०,०००	१००	नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड	२०८१ जेठ २२
६	अकामा होटल लिमिटेड	४,५००,०००	५०	सानिमा क्यापिटल लिमिटेड	२०८१ असार २६
७	ठमेल प्लाजा होटल एण्ड सुइट्स लि.	१,०००,०००	१००	नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड	२०८१ कात्तिक २१

नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू

क्र.सं.	कम्पनीको नाम	निष्कासन हुने कित्ता	निष्कासन मूल्य (रू)	विक्री प्रबन्धक	निवेदन मिति
१	बरूण इन्भेष्टमेण्ट लिमिटेड	२,४७५,०००	१००	ग्लोबल आइएमई क्यापिटल लिमिटेड	२०८० पुस २५
२	सिड इनर्जी लिमिटेड	१,५९८,५००	१००	एनएमबि क्यापिटल लिमिटेड	२०८० चैत ४
३	शिवम होल्डिङग्स लिमिटेड	११,६००,०००	२१०	सिद्धार्थ क्यापिटल लिमिटेड	२०८१ जेठ २९

नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका उत्पादन तथा प्रशोधन समूहका कम्पनीहरू

क्र.सं.	कम्पनीको नाम	निष्कासन हुने कित्ता	निष्कासन मूल्य (रू)	विक्री प्रबन्धक	निवेदन मिति
१	एक्कर्ड फर्मास्यूटिकल्स लिमिटेड	७०६,९०९	१००	ग्लोबल आइएमई क्यापिटल लिमिटेड	२०७९ पुस ४
२	जगदम्बा स्टिल्स लिमिटेड	२०,०७०,०००	३००	सिद्धार्थ क्यापिटल लिमिटेड	२०८० असोज १७
३	एसवाई प्यानल नेपाल लिमिटेड	५,२३२,५४८	१००	प्रभु क्यापिटल लिमिटेड	२०८० असोज १९
४	शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड	१५,९८१,५००	२६४.५१	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८० पुस १२
५	मारूती सिमेन्ट्स लिमिटेड	११,६००,०००	३७७	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८० पुस २६
६	स्मार्ट डोर्स लिमिटेड	३०६,०००	१००	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८१ वैशाख ३
७	पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड	७,५००,०००	१००	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८१ वैशाख २३
८	लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेड	१,०००,०००	१००	नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड	२०८१ जेठ २१
९	श्री डिष्टिलरी लिमिटेड	९६०,०००	१००	प्रभु क्यापिटल लिमिटेड	२०८१ असार १
१०	सोपन फर्मास्यूटिकल्स लिमिटेड	१,१००,०००	१००	एनएमबि क्यापिटल लिमिटेड	२०८१ असार ३०
११	भुगर्भ सिमेन्ट लिमिटेड	१,२६२,५००	१००	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८१ भदौ १३
१२	रिद्धिसिद्धि सिमेन्ट लिमिटेड	१२,१७१,५००	२१४.१०	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८१ असोज १८
१३	सागर डिष्टिलरी लिमिटेड	७९२,०००	१००	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८१ असोज २१
१४	अम्बे स्टिल्स लिमिटेड	११,१९२,७२७	३०३	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८१ कात्तिक ७
१५	एभरेष्ट कलर लिमिटेड	७८०,०००	५०	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८१ मङ्सिर २८

नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका 'अन्य' समूहका कम्पनीहरू

क्र.सं.	कम्पनीको नाम	निष्कासन हुने कित्ता	निष्कासन मूल्य (रू)	विक्री प्रबन्धक	निवेदन मिति
१	ट्रेड टावर लिमिटेड	१,१५८,९८०	१००	लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड	२०७९ असार १४
२	कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड	७५०,०००	१००	सानिमा क्यापिटल लिमिटेड	२०८० जेठ २८
३	डिस मिडिया नेटवर्क लिमिटेड	१३,५८४,९५५	१००	प्रभु क्यापिटल लिमिटेड	२०८० असार १२
४	आइएमई लिमिटेड	१,०००,०००	१००	प्रभु क्यापिटल लिमिटेड	२०८० असार २९
५	हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लि.	१,१२५,०००	२८८	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८० पुस ६
६	नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेड	१,०००,०००	५०	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८१ जेठ २१
७	कैलाश हेलिकप्टर सर्भिसेस लिमिटेड	३५०,०००	३२७	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८१ जेठ २९
८	झापा इनर्जी लिमिटेड	९५०,४७५	१००	हिमालयन क्यापिटल लिमिटेड	२०८१ जेठ ३०
९	छाया देबी कम्प्लेक्स लिमिटेड	१,४३७,५००	४००	प्रभु क्यापिटल लिमिटेड	२०८१ भदौ २
१०	बिजनेस ईन्टरेष्ट ग्रुप अफ इण्डष्ट्रिज लिमिटेड	४,५००,०००	१००	कुमारी क्यापिटल लिमिटेड	२०८१ असार २
११	जि. आई. सोलार लिमिटेड	१,३६३,३६०	१००	आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड	२०८१ पुस २८

नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुवित्त समूहका कम्पनीहरू

क्र.सं.	कम्पनीको नाम	निष्कासन हुने कित्ता	निष्कासन मूल्य (रू)	विक्री प्रबन्धक	निवेदन मिति
१	स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.	८०,०००	१००	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लि.	२०८० माघ २४

धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका म्युचुअल फण्ड

क्र.सं.	म्युचुअल फण्डको नाम	निष्कासन हुने कित्ता	निष्कासन मूल्य (रू)	योजना व्यवस्थापक	निवेदन मिति
१	आरविवि फोकस ४०	१००,०००,०००	१०	आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड	२०८१ पुस १४
२	सिटिजन्स सन्तुलित योजना	१००,०००,०००	१०	सिटिजन्स क्यापिटल लिमिटेड	२०८१ पुस १९
३	सानिमा इक्विटी फण्ड-२	१००,०००,०००	१०	सानिमा क्यापिटल लिमिटेड	२०८१ माघ ४
४	हिमालयन दीर्घकालीन बचत योजना	१००,०००,०००	१०	हिमालयन क्यापिटल लिमिटेड	२०८० चैत १९
५	एनआईसी एशिया इक्विटी लिङ्क्ड इन्भेष्टमेण्ट स्किम	१००,०००,०००	१०	एनआईसी एशिया क्यापिटल लिमिटेड	२०८० असार ३१
६	एनआई ३१	१५,०००,०००	१०	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०७९ चैत १६
७	ग्लोबल आइएमई समुन्नत योजना-२	१२०,०००,०००	१०	ग्लोबल आइएमई क्यापिटल लिमिटेड	२०७९ चैत १९
८	सिटिजन्स सदाबाहार योजना	५०,०००,०००	१०	सिटिजन्स क्यापिटल लिमिटेड	२०८१ असोज २
९	रिलायबल समृद्धि योजना	१००,०००,०००	१०	रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड	२०८१ मङ्सिर १२
१०	प्रभु सिस्ट्मेटिक इन्भेष्टमेण्ट स्किम	४०,०००,०००	१०	प्रभु क्यापिटल लिमिटेड	२०७९ कात्तिक ३०

जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.	२०३५.५२	२०८०	३०१
२	लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.	१०१२.२६	२४७५	९७८.१
३	नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.	७६९.६	१०६०	५६६
४	एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि.	७३७.४१	८३१	५२३
५	सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	६६७.७४	७४४.५	४४७.२
६	नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि.	६३९.१९	७७६.१	५२१.३
७	प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि.	५७०.६५	७३२.२	४७३
८	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि.	५४७.३४	६००.१	४१२
९	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि.	५०९.५३	७७४.९	४३०
१०	आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लि.	४७०.४१	६०६	४१२.५
११	सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि.	४४६.५	६४४	३९५.१
१२	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	४२५.५१	६०७	३६४.१
१३	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.	४१८.८८	६५४	४१५

निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	राष्ट्रिय बीमा कम्पनी लिमिटेड	१४५६६.५	२२४९३.९	१२८००
२	प्रभु इन्स्योरेन्स लिमिटेड	९५७.६२	१११३	७४०
३	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	८६३.१८	१३८२	७३२
४	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	८५०.०८	११६२	८००
५	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	८४८.७२	१०७६	७११.५
६	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	७८०.१७	११२०	६६९.४
७	नेको इन्सुरेन्स लिमिटेड	७७१.५१	१०५०	७५०
८	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	७१९.८१	९२६	६०२
९	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड	६६४.३१	८१७.१	५०८.१
१०	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	६५८.०९	८३७.३	५१५.५
११	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	६१३.८२	८१०	५५३.३
१२	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि.	५९०.७३	७६०	५०८

लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	सिईडिबि होल्डिङ्ग्स लिमिटेड	२२५३.७९	२४७७.४	६२७
२	नागरिक लगानी कोष	१९७०.५	२७००	१८८७
३	एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड	१४०७.८३	१६५१.३	४७८.३
४	हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड	१३२८.५	१८१६	८०८.५
५	इमर्जिङ्ग नेपाल लिमिटेड	११३१.३५	१४५३.५	७३३.३
६	नेपाल इन्फ्रास्ट्क्चर बैंक लिमिटेड	२६७.०९	३६६.६	१८८.१
७	हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड	२६६.४	३६०	१५८.१

उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	युनिलिभर नेपाल लिमिटेड	४६६०१	५६८०५.८	३८४००
२	बोटलर्स नेपाल (तराई) लिमिटेड	१३२०९	१८१००	१२२०८.१
३	हिमालयन डिष्टिलरी लिमिटेड	१२११.३५	१७४९	११३६
४	सर्वोत्तम सिमेन्ट लिमिटेड	७९५.०७	१०८३	६८६.१
५	घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड	५३४.०४	६६८	४६०
६	शिवम् सिमेन्ट्स लिमिटेड	५३३.५६	७७९.९	४७०.५
७	सोनापुर मिनरल्स् एण्ड आयल लि.	४६६.८५	६२४	४२२.१
८	नेपाल ल्यूब आयल लिमिटेड	२७६.९	२८४.९	२३७.४२

'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	१६०१.६५	१९२६	७८५
२	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	१२७७.८६	१३८९.९	६३०.१
३	नेपाल वेयरहाउजिङ्ग कम्पनी लि.	९६८.०३	१२६४	६७८
४	हिमालयन रिइन्स्योरेन्स लिमिटेड	९६४.०६	११५६	५१२
५	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	९०१.३७	१२१४	८००
६	नेपाल रिपब्लिक मिडिया लिमिटेड	४८२.४९	६४५	३३८.१

होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	कालिञ्चोक दर्शन लिमिटेड	११२४.८	१३८१	७५२.१
२	तारागाउँ रिजेन्सी होटल्स लिमिटेड	१०८९.१५	१५३८	६९५.१
३	ओरियण्टल होटल्स लिमिटेड	८९१.७५	१२०५	७०४
४	चन्द्रागिरि हिल्स लिमिटेड	८८६.७१	१३६०	७६०
५	सिटि होटल लिमिटेड	८७३.३२	११६८.५	५६२
६	सोल्टी होटल लिमिटेड	४८८.९९	६३६.५	४१६.५

लगातार पाँच कारोबार दिन घट्यो नेप्से

अभियान संवाददाता

काठमाडौं

सातको अन्तिम कारोबार दिन बिहीवार बजार शून्य दशमलव ४७ प्रतिशत घटेर बन्द भएको छ । यससँगै नेप्से २ हजार ६६९ दशमलव ३१ विन्दुमा झरेको हो । नेप्से लगातार पाँच कारोबार दिन घटेको हो । पाँच दिनमा नेप्से २ दशमलव ४५ प्रतिशत घटेको छ ।

'इन्ट्रा-डे'मा नेप्से २ हजार ६६६ दशमलव ६९ विन्दुसम्म झरेको थियो भने उच्च विन्दु २ हजार ६८५ दशमलव ८७ विन्दुसम्म पुगेको थियो । पछिल्ला १३ कारोबार दिनमा नेप्से एक दिनमात्रै बढेको छ भने बाँकी दिन घटेको हो । त्यसअघि बजार लगातार ९ कारोबार दिन बढेको थियो ।

बिहीवार कारोबार रकम पनि घटेको छ । अघिल्लो कारोबार दिन रू. ५ अर्ब १४ करोड बराबरको कारोबार भएकोमा यस दिन रू. ४ अर्ब ५६ करोड बराबरको कारोबार भएको हो ।

कारोबारमा आएका धितोपत्रमध्ये सबैभन्दा बढी दोल्ती पावर कम्पनीको शेयर मूल्य ६ दशमलव ९० प्रतिशत वृद्धि भएको छ । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ७२३ दशमलव ७२ पुगेको छ ।

बिहीवार दुई धितोपत्रको मूल्यमा नकारात्मक सर्किट लागेको छ । मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड र भूगोल इनर्जी डेभलपमेन्ट कम्पनीको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशत घटेसँगै नकारात्मक सर्किट लगेको हो । मिथिला लघुवित्तको शेयर मूल्य रू. १ हजार ७८२ र भूगोल इनर्जी डेभलपमेन्ट कम्पनीको मूल्य रू. ८५३ दशमलव २० मा झरेको छ ।

बिहीवार सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा नेपाल पुनर्बीमा कम्पनीले ओगटेको छ । कम्पनीको रू. २८ करोड २१ लाख बराबरको कारोबार भएको हो । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. १ हजार २७७ दशमलव ८६ कायम भएको छ । सर्वाधिक शेयर खरीदविक्री हुने दोस्रोमा हिमालयन रिइन्स्योरेन्स छ । कम्पनीको रू. २३ करोड १२ लाख बराबरको कारोबार भएको हो ।

कारोबारमा आएका १३ समूहगत सूचकमध्ये व्यापार समूहको सूचक शून्य दशमलव २६ प्रतिशत वृद्धि भएको छ भने बाँकी समूहको सूचक घटेको छ । तीमध्ये वित्त समूहको सूचक सबैभन्दा बढी १ दशमलव २६ प्रतिशत घटेको छ ।

बजार पूँजीकरण घट्यो

बिहीवार बजार पूँजीकरण रू. २१ अर्ब ३२ करोडले घट्दै रू. ४४ खर्ब ३२ अर्ब २७ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ५३ अर्ब ५९ करोड थियो ।

कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको

कारोबार रकमका आधारमा बिहीवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ३४ दशमलव २४ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. १ अर्ब ५६ करोड १८ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा विकास बैंक समूह रहेको छ । उक्त समूहको रू. ५७ करोड ८० लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार

बिहीवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. ४१ करोड १२ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. १८ करोड ९८ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. २२ करोड १३ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४९ रहेको छ । जसबाट बिहीवारको बजारमा रू. ३२ करोड ८० लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र

बढेका धितोपत्र			घटेका धितोपत्र		
धितोपत्र	अन्तिम मूल्य रू.	फरक (प्रतिशत)	धितोपत्र	अन्तिम मूल्य रू.	फरक (प्रतिशत)
दोल्ती पावर कम्पनी लिमिटेड	७२३.७२	६.९०	मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड	१,७८२.००	-१०.००
एशियन हाइड्रोपावर लिमिटेड	७५०.८३	५.६०	भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड	८५३.२०	-१०.००
सिन्धु विकास बैंक लिमिटेड	१,१४३.९१	५.०४	गरिमा समृद्धि योजना	८.९८	-८.३७
गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.	२,०३५.५२	४.८२	कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड	२,४०५.२५	-३.४०
१०.२५% केबिएल डिबेन्चर २०८६	१,१६५.००	४.०२	सुपर मादी हाइड्रोपावर लिमिटेड	९५२.७४	-३.२८

समूहगत कारोबार

क्र.सं.	समूह	कारोबार रकम (रू. करोडमा)	कारोबारमा हिस्सा(%मा)
१	जलविद्युत्	१५६.१८	३४.२४
२	विकास बैंक	५७.८०	१२.६७
३	अन्य	५६.३४	१२.३५
४	जीवन बीमा	३६.५५	८.०१
५	बैंकिङ्ग	३२.५२	७.१३
६	लगानी	३१.१५	६.८३
७	लघुवित्त	२५.७४	५.६५
८	वित्त	१९.३२	४.२४
९	उत्पादन तथा प्रशोधन	१७.२२	३.७८
१०	निर्जीवन बीमा	१३.४४	२.९५
११	होटल तथा पर्यटन	४.०३	०.८८
१२	संस्थापक शेयर	३.८८	०.८५
१३	म्युचुअल फण्ड	०.८५	०.१९
१४	व्यापार	०.५७	०.१३
१५	ऋणपत्र	०.४६	०.१०

शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)

ब्रोकर नं.	खरीद रकम	विक्री रकम	जम्मा रकम
५८	२२.१३	१८.९८	४१.१२
४९	१६.१०	१६.६९	३२.८०
४२	१७.००	१५.२८	३२.२८
३४	१७.७५	१४.३३	३२.०९
४५	१४.४४	१६.६१	३१.०६

सर्वाधिक कारोबार भएका पाँच धितोपत्र

धितोपत्रको नाम	कारोबार रकम (रू. करोडमा)	अन्तिम मूल्य(रू.)
नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	२८.२१	१२७७.८६
हिमालयन रिइन्स्योरेन्स लिमिटेड	२३.१२	९६४.०६
सिन्धु विकास बैंक लिमिटेड	१६.६४	११४३.९१
युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड	१६.२३	४४७.५२
घलेम्दी हाइड्रो लिमिटेड	१३.०६	२९४.२

समूहगत परिसूचकमा आएको परिवर्तन

क्र.सं.	समूह	समूहगत परिसूचक	परिवर्तन (%मा)
१	व्यापार	४,१६७.८४	०.२६
२	जीवन बीमा	१३,३१८.४५	-०.०४
३	विकास बैंक	५,६३२.८२	-०.१८
४	लगानी	१०६.४९	-०.२२
५	म्युचुअल फण्ड	१९.०५	-०.३९
६	बैंकिङ्ग	१,३५९.५३	-०.४८
७	होटल तथा पर्यटन	६,५३९.६३	-०.४८
८	अन्य	२,३७१.५४	-०.५९
९	लघुवित्त	४,९११.२०	-०.६६
१०	जलविद्युत्	३,५४६.६१	-०.६९
११	उत्पादन तथा प्रशोधन	७,२२५.६१	-०.७०
१२	निर्जीवन बीमा	१२,४३०.७०	-०.८९
१३	वित्त	२,५५७.२२	-१.२६

गरिमा समृद्धि योजनाले फागुन मसान्तसम्म कमायो ३७ लाख रुपैयाँभन्दा बढी नाफा

काठमाडौं (अस) । गरिमा म्युचुअल फण्डअन्तर्गत सञ्चालित गरिमा समृद्धि योजनाले फागुन मसान्तसम्म ३७ लाख ४२ हजार रुपैयाँभन्दा बढी नाफा गरेको छ । माघ मसान्तसम्म ४० लाख ४९ हजार रुपैयाँभन्दा बढी नाफा गरेको योजनाले फागुनमा भने कम नाफा गरेको हो । यो महीना आम्दानी बढे पनि खर्च समेत बढेकाले नाफा कम भएको हो ।

माघ मसान्तसम्म १ करोड ३५ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको योजनाले फागुन मसान्तसम्म १ करोड ७२ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको हो । त्यस्तै, माघ मसान्तसम्म ९४ लाख ९९ हजार रुपैयाँभन्दा बढी खर्च गरेको योजनाले फागुन मसान्तसम्म भने १ करोड ३४ लाख रुपैयाँभन्दा बढी खर्च गरेको हो ।

योजना सञ्चालनका लागि योजना व्यवस्थापकले १२ करोड ५० लाख इकाई जारी गरेको थियो । फागुन मसान्तसम्म योजनाको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) १० रुपैयाँ शून्य ३ पैसा रहेको छ ।

धितोपत्रमा लगानी गर्ने प्रमुख उद्देश्य सहित सञ्चालित यस योजनाले फागुन मसान्तसम्म ६४ करोड ५० लाख ९८ हजार रुपैयाँभन्दा बढी धितोपत्रमा लगानी गरेको छ । यो लगानीको बजार मूल्य भने ६४ करोड ५७ लाख रुपैयाँभन्दा बढी छ । यस अवधिसम्म योजनाले बैंक मुद्दती निक्षेपमा १८ करोड रुपैयाँ लगानी गरेको छ ।

वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड	६४१.४१	७९०	५०८
२	एभरेष्ट बैंक लिमिटेड	६०९.३६	७९०	४८७.३
३	नबिल बैंक लिमिटेड	४८७.३१	७००	४१९
४	नेपाल एसबिआई बैंक लिमिटेड	४१४	५४९	२६८.६
५	एनआईसी एशिया बैंक लिमिटेड	३७१.३१	५७३	३४१.६
६	सानिमा बैंक लिमिटेड	३०२.०५	३८२	२२८
७	कृषि विकास बैंक लिमिटेड	२८५.६६	४२८.४	२२०.५
८	सिद्धार्थ बैंक लिमिटेड	२८३.३१	३८०	२१४
९	प्राइम कमर्सियल बैंक लिमिटेड	२५२.४९	३२९	१८६
१०	नेपाल बैंक लिमिटेड	२५०.३४	३३७.५	१९५.१
११	एनएमबि बैंक लिमिटेड	२४९.७२	३००	१६२
१२	हिमालयन बैंक लिमिटेड	२३५.७९	३१२.१	१६७.१
१३	माछापुच्छ्रे बैंक लिमिटेड	२२८.१९	२९५	१५७.८
१४	ग्लोबल आइएमई बैंक लिमिटेड	२२०.०८	३०२	१७०
१५	लक्ष्मी सन्राइज बैंक लिमिटेड	२१९.७५	३००	१४३.६
१६	प्रभु बैंक लिमिटेड	२१३.४७	२९७	१३२
१७	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	२११.६१	२९५	१४७.४
१८	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	२०८.३९	२९६	१५२.५
१९	कुमारी बैंक लिमिटेड	२०५.०३	२७२.९	१२९.६

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIT : NSBINPKA

ऋण/कर्जा चुक्ता भुक्तानी गर्ने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/१२/०८

तपसिलमा उल्लेखित ऋणी/ऋणी कम्पनीले यस बैंकको **भक्तपुर शाखा कार्यालय**बाट विविध कर्जा शिर्षक अन्तर्गत कर्जा उपभोग गर्दै आउनु भएको ऋण कर्जाको साँवा, व्याज लगायत अन्य दैदस्तूर, कर्जा लिदाको बखत बैंकसँग गरेको शर्त कबुलियत तथा ऋण स्वीकृत पत्रमा उल्लेख भएको व्यवस्था बमोजिम बैंकलाई समय समयमा तिर्न बुझाउनु पर्ने बक्यौता रकम नतिरी/नबुझाएकोले ऋण/कर्जाको साँवा, व्याज लगायत सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी बैंकलाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा लिदाका बखत बैंकसँग गरेको शर्त बन्देजहरु उल्लङ्घन गरेकाले ऋण/कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफुले कर्जा लिएको यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज लगातयअन्य दैदस्तूर चुक्ता भुक्तानी गर्नुहुन ऋणीलाई अनुरोध छ । साथै, ऋणी/ऋणी कम्पनीका जिम्मेवार पदाधिकारीहरु तथा तपसिलमा उल्लेखित शिर्षकका कर्जाहरुको लागि व्यक्तिगत जमानत दिनेहरु तपसिलका उल्लेखित व्यक्तिहरुलाई समेत ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धमा यो सूचना प्रकाशित गरिएको जानकारी गराउँछौं । उपरोक्त समयावधि भित्र पनि तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तानी हुन नसकेको खण्डमा बैंकले आफ्नो लेना असुल उपर गर्नको लागि ऋणी/ऋणी कम्पनीको नाममा कर्जाका लागि बैंकको नाममा लेखिदिनु भएको तपसिलमा उल्लेखित चल/अचल धितो सम्पत्तिहरु लिलाम बिक्री गर्नुका साथै थप कानुनी कारवाही गरिने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

साथै, उल्लेखित म्यादभित्र ऋण/कर्जा चुक्ता भुक्तानी नगर्ने तपसिल बमोजिमका ऋणी/ऋणी कम्पनीका संस्थापक/संचालकहरु, तोकिए बमोजिम शेयर लिने शेयरधनीहरु र ऋणसँग सम्बन्धित सबै पक्षहरुलाई नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको कर्जा सूचना तथा कालोसूची सम्बन्धी निर्देशन बमोजिम कालोसूचीमा समेत राखी आवश्यक कानुनी कारवाही अगाडि बढाईने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

शाखा कार्यालय : भक्तपुर

कर्जा शिर्षक : कोष तथा गैह कोषमा आधारित विविध कर्जाहरु

ऋणी

नाम : सहारा सोप एण्ड डिटरजेन्ट इण्डष्ट्रिज प्रा.लि.
दर्ता नं. २३६२१/०५९/६०, दर्ता मिति : २०६०/०१/२४
ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १ (साविक : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १७)

संचालक/जमानतकर्ताहरु

१. नाम : शिव शरन बल्ल (संचालक तथा जमानतकर्ता)
ना.प्र.नं. १०७२-०३४-३५, जि.प्र.का. भक्तपुर
जारी मिति : २०३५/०३/१५ मा जारी भई मिति २०७३/०४/१० मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : तुल्सी भक्त बल्ल
बाजेको नाम : बिकु लाल बल्ल
स्थायी ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १६
हालको ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १

२. नाम : राम शरण बल्ल (संचालक तथा जमानतकर्ता)
ना.प्र.नं. २९-०१-०६७-०७८८३, जि.प्र.का. भक्तपुर
जारी मिति : २०६७/१२/०७
बाबुको नाम : तुल्सी भक्त बल्ल
बाजेको नाम : बिकु लाल बल्ल
स्थायी ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर गा.वि.स./उ.म.न.पा. वडा नं. १६
हालको ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ४

३. नाम : कृष्ण शरण बल्ल (संचालक तथा जमानतकर्ता)
ना.प्र.नं. २४४, जि.का. भक्तपुर
जारी मिति : २०४४/११/१७
बाबुको नाम : तुल्सी भक्त बल्ल
बाजेको नाम : बिकु लाल बल्ल
स्थायी ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर नगर पञ्चायत वडा नं. १६
हालको ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ३

४. नाम : रुपन बल्ल (संचालक तथा जमानतकर्ता)
ना.प्र.नं. २९२५५३, जि.प्र.का. भक्तपुर
जारी मिति : २०४९/०३/०५ मा जारी भई मिति २०६९/०२/०१ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : हरि शरण बल्ल
बाजेको नाम : तुल्सी भक्त बल्ल
स्थायी ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १६
हालको ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ३

५. नाम : सुमिता मैंया प्रधान (जमानतकर्ता)
ना.प्र.नं. २७१६१६२/५७०९, जि.प्र.का. काठमाडौं
जारी मिति : २०४०/०३/२६ मा जारी भई मिति २०६७/१२/०६ मा प्रतिलिपि जारी
पतिको नाम : राम शरण बल्ल
ससुराको नाम : तुल्सी भक्त बल्ल
स्थायी ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३०
हालको ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ४

६. नाम : राधा प्रधान (जमानतकर्ता)
ना.प्र.नं. ८-९२०, जि.का. धनकुटा
जारी मिति : २०४०/०३/२६
पतिको नाम : शिव शरण बल्ल
ससुराको नाम : तुल्सी भक्त बल्ल
स्थायी ठेगाना : धनकुटा जिल्ला, धनकुटा नगर पञ्चायत वडा नं. ५
हालको ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १

७. नाम : लिला देवी श्रेष्ठ (जमानतकर्ता)
ना.प्र.नं. ७३९९, जि.का. काभ्रे
जारी मिति : २०४५/०२/११
पतिको नाम : कृष्ण शरण बल्ल
ससुराको नाम : तुल्सी भक्त बल्ल
स्थायी ठेगाना : काभ्रे जिल्ला, संखुपाटी नगर/गाउँ पञ्चायत वडा नं. ७
हालको ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ३

८. नाम : संगिना श्रेष्ठ (जमानतकर्ता)
ना.प्र.नं. २३१९/०५१/५२, जि.प्र.का. काठमाडौं
जारी मिति : २०५१/०६/१०
पतिको नाम : रुपन बल्ल
ससुराको नाम : हरि शरण बल्ल
स्थायी ठेगाना : काठमाडौं जिल्ला, का.न.पा. वडा नं. ३०
हालको ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ३

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : बागमती, जिल्ला : भक्तपुर

न.पा./गा.वि.स./गा.पा.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (रोपनी)	कैफियत
साविक	हाल	साविक	हाल				
भक्तपुर	भक्तपुर	१७	१७	राम शरण बल्ल/ शिव शरण बल्ल/ कृष्ण शरण बल्ल/ रुपन बल्ल	११०	०-७-२-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।
					११४	०-८-०-०	
					४१०	०-२-२-०	
सिपाडोल	सुर्यविनायक	२	६		४६२	१-०-२-०	

सहारा सोप एण्ड डिटरजेन्ट इण्डष्ट्रिज प्रा.लि. को नाममा हाइपोथिकेसन गरिदिइएको मालसमानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पति ।

सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.
भक्तपुर ०१-६६१९३८६

सानिमा जिआईसी इन्स्योरेन्सको शेयर मूल्य समायोजन

काठमाडौं (अस) । बिहीवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको शेयर मूल्य समायोजन भएको छ । कम्पनीले बोनस शेयर वितरण प्रयोजनार्थ बुक क्लोज गरेसँगै नेप्सेले शेयर मूल्य समायोजन गरी नयाँ मूल्य निर्धारण गरेको हो ।

नेप्सेले कम्पनीको ७ दशमलव ५० प्रतिशत बोनस शेयर समायोजन गरेको हो । समायोजनपश्चात् कम्पनीको शेयर मूल्य रू. ६१७ दशमलव ९६ कायम भएको छ ।

नेप्सेले बिहीवार कारोबार दिनको अन्तिम मूल्यका आधारमा कम्पनीको शेयर मूल्य समायोजन गरेको हो । बिहीवार दोस्रो बजारमा कम्पनीको शेयर मूल्य रू. ६६४ दशमलव ३१ मा अन्तिम कारोबार भएको थियो । यही समायोजित मूल्यलाई आधार मानेर कम्पनीको शेयर आगामी आइतवारदेखि दोस्रो बजारमा कारोबारमा आउनेछ ।

स्वरोजगार लघुवित्तको एफपीओ सूचीकृत

काठमाडौं (अस) । बिहीवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको एफपीओ सूचीकृत भएको छ । कम्पनीको १ लाख ९५ हजार ७७३ कित्ता एफपीओ सूचीकृत भएको हो । अब यो शेयर आइतवारदेखि धितोपत्रको दोस्रो बजारमा कारोबारयोग्य हुनेछ ।

कम्पनीको एफपीओ गत साता शुक्रवार बाँडफाँट भएको थियो । यस आधारमा कम्पनीको एफपीओ बाँडफाँट भएको एक साताभित्रै सूचीकृत भएको छ । कम्पनीले सर्वसाधारण तर्फको शेयर संरचना मिलाउन फागुन १८ गतेदेखि २१ गतेसम्म १ लाख ९५ हजार ७७३ कित्ता एफपीओ निष्कासन गरेको थियो ।

एनएमवि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/१२/०८

यस बैंकका निक्षेपकर्ता श्री काशीनाथ चुडालको नातिनी, श्री हरि प्रसाद चुडालको छोरी, झापा जिल्ला, बिर्तामोड नगरपालिका वडा नं. ०३ घर भई हाल झापा जिल्ला, बिर्तामोड नगरपालिका वडा नं.०३ बस्ने वर्ष ४५ को श्री निर्मला देबि चुडाल (ना.प्र.नं. ३५४१९४, जारी मिति २९।०३।२०५४, जारी जिल्ला झापा) को मिति २०८१/०४/१० गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको एकाघरको श्रीमान बिष्णु संग्रौलाले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका श्रीमान बिष्णु संग्रौलाको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संस्थाको नाम परिवर्तन भएको सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८१/१२/०८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक)

बागमती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालय, हेटौंडाको मिति २०८१/१०/०३ को निर्णय बमोजिम उत्तरगंगा बहुउद्देश्यीय सहकारी संस्था लि.को नाम परिवर्तन भई उत्तरगंगा बचत तथा ऋण सहकारी संस्था लि. (Uttarganga Saving and Credit Co-operative Ltd.) कायम गरिएको र साविक संस्थाको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व यसै परिवर्तित नामको संस्थाले सकार्ने, बेहोर्ने सम्बन्धी सूचना सम्बन्धित सबै सरोकारवाला सदस्यहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

उत्तरगंगा बचत तथा ऋण सहकारी संस्था लि.
Uttarganga Saving and Credit Co-operative Ltd.
ल.पु.म.न.पा.-१४, नखिपोट, ललितपुर
फोन : ०१-५१७११३३, ५१७११३४

तीन कम्पनीको बोनस शेयर सूचीकृत

काठमाडौं (अस) । बिहीवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा तीन कम्पनीको कुल १ करोड ७४ लाख ५४ हजार ५४ दशमलव ४० कित्ता बोनस शेयर सूचीकृत भएको छ ।

लक्ष्मी सन्राइज बैंकको १ करोड १५ लाख ९३ हजार ५७७ दशमलव २५ कित्ता, विन्ध्यवासीनी हाइड्रोपावरको ७ लाख ९८ हजार कित्ता र साना किसान विकास लघुवित्तको ५० लाख ६२ हजार ४७७ दशमलव १५२ कित्ता शेयर सूचीकृत भएको हो ।

लक्ष्मी सन्राइज बैंकले पुस २४ गते सम्पन्न वार्षिक साधारणसभाबाट पारित ५ प्रतिशत बोनस शेयर सूचीकृत गराएको हो । सो सभाले शून्य दशमलव २६ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पनि पारित गरेको थियो ।

विन्ध्यवासीनी हाइड्रोपावरले मङ्सिर ६ गते सम्पन्न वार्षिक साधारणसभाबाट पारित ८ प्रतिशत बोनस शेयर सूचीकृत गराएको हो ।

त्यस्तै, साना किसान विकास लघुवित्तले पुस २३ गते सम्पन्न वार्षिक साधारणसभाबाट पारित १३ दशमलव ३० प्रतिशत बोनस शेयर सूचीकृत गराएको हो । सो सभाले शून्य दशमलव ७० प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पनि पारित गरेको थियो ।

एशियाली शेयर बजारका सूचक (अपडेट : २०२५ मार्च २०)

स्टक एक्सचेन्ज	सूचकको नाम	इन्डेक्स	फरक प्रतिशत
बम्बई स्टक एक्सचेन्ज	बीएसई सेन्सेक्स	७६,३४८.०६	१.१९%
नेशनल स्टक एक्सचेन्ज	निफ्टी ५०	२३,१९०.६५	१.२४%
हङकङ स्टक एक्सचेन्ज	हाङसङ	२४,२१९.९५	-२.२३%
साङ्हाई स्टक एक्सचेन्ज	साङ्हाई एसई कम्पोजिट इन्डेक्स	३,४०८.९५	-०.५१%

स्थान परिवर्तन सम्बन्धी सूचना

श्री सगरमाथा ओभरसिज कम्पनीको मिति २०८१/११/२५ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको रजिष्टर्ड कार्यालय तपसिल बमोजिमको स्थानमा परिवर्तन गर्ने गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनलाई सम्बन्धित निकायको स्वीकृत लिनु पर्नेमा भए लिई कार्यान्वयन गर्ने शर्तमा स्वीकृति प्रदान गरिएको व्यहोरा मितिको निर्णयानुसार जानकारी गराइन्छ । साथै संशोधित प्रबन्धपत्र र नियमावलीको १/१ प्रति यसैसाथ संलग्न राखी पठाइएको छ ।

तपसिलः
साविकको ठेगानाः काठमाडौं, काठमाण्डौं महानगपालिका- ३०
संशोधित ठेगानाः काठमाडौं, काठमाण्डौं महानगपालिका- २९

केम्याक्स हिमालय प्रा.लि.सँग सम्बन्धित उद्योग निर्माण तथा संचालन प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१२/०८ गते)

मधेश प्रदेश, बारा जिल्ला, जीतपुर सिमारा उपमहानगरपालिका वडा नं. ४ (सिमारा विशेष आर्थिक क्षेत्र) मा केम्याक्स हिमालय प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	केम्याक्स हिमालय प्रा.लि., काठमाडौं महानगरपालिका वडा नं. ४, काठमाडौं, बागमती प्रदेश
प्रस्तावको व्यहोरा	वार्षिक २०,००० के.जि. Cosmetic cream -Various type and grade), ६,००० के.जि. Body Lotion, ४,००० के.जि. Hair oil, २०,००० के.जि. Essential oil, ८,००० के.जि. Cosmetic Powder, ४,००० के.जि. Nail Polish, ८,००० के.जि. Kajal, ३०,००० के.जि. Remover, १,००,००० के.जि. Bath soap र २,००,००० के.जि. Samphoo उत्पादन गर्ने गरी उद्योग स्थापना
प्रभाव पर्न सक्ने जिल्ला/स्थानिय तह.	जीतपुर सिमारा उपमहानगरपालिका वडा नं. ४, बारा, मधेश प्रदेश
जग्गाको कित्ता नं.	सिमारा विशेष आर्थिक क्षेत्र ब्लक - A प्लट नं. ४१, ४२, ४७ र ४८

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

राय सुझावका लागी पत्राचार गर्ने ठेगानाः
१. श्री जीतपुर सिमारा उपमहानगरपालिका वडा नं. ४. वडाको कार्यालय, बारा
२. श्री विशेष आर्थिक क्षेत्र प्राधिकरण, त्रिपुरेश्व

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.श्रे.हु.द.नं. २६/०६९/७०
शुक्रवार, ८ चैत २०८१ | Friday, 21 March 2025
आर्थिक अभियान

तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

रूपन्देहीको लुम्बिनीस्थित 'थाउजेन्ड टेम्पल' नामक विहारमा तस्वीर खिचाउँदै भारतीय पर्यटक। विश्वविख्यात पत्रिका न्यूयोर्क टाइम्सले सार्वजनिक गरेको विश्वका घुम्नलायक २५ उत्कृष्ट गन्तव्यको सूचीमा नेपालको लुम्बिनीलाई नवौं स्थानमा राखिएको छ। लुम्बिनीको संक्षिप्त परिचयमा न्यूयोर्क टाइम्सले गत नोभेम्बरमा खुलेको 'थाउजेण्ड टेम्पल'बारे चर्चा गरिएको छ।

सांसदसँगको प्रश्नोत्तरमा प्रम ओली

पाँच सय युवालाई 'स्टार्टअप' कर्जा, महँगी नियन्त्रणको प्रतिबद्धता

अभियान संवाददाता

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले युवालाई उद्यमशील बनाउन 'स्टार्टअप' ऋण सहायता दिई यस वर्ष कम्तीमा ५०० उद्यमीलाई कर्जा प्रवाह गरिने बताउनुभएको छ। प्रतिनिधिसभाको बिहीवारको बैठकमा सांसदहरूका प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री ओलीले सृजनशीलता तथा नवप्रवर्तनलाई प्रोत्साहन गरी स्टार्टअपमा आधारित उद्यमशीलता विकासमा लगानीकर्तालाई आकर्षित गर्न सहुलियत कर्जा प्रवाह गर्ने कार्यक्रममा इच्छुक प्रस्तावकहरूबाट छनोट प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो।

स्वदेशमै उत्पादन र उत्पादकत्व विस्तार गरी आन्तरिक रोजगारीको दिगो आधार तयार गर्ने उद्देश्यले सरकारले राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन भर्खरै सम्पन्न गरेको प्रधानमन्त्री ओलीले बताउनुभयो।

मुलुकमा औद्योगिक लगानीको वातावरण सुधार गरी लगानीमैत्री बनाउन, स्वदेशी लगानीलाई प्रोत्साहन गर्दै विदेशी लगानी आकर्षित गर्न, उत्पादन र उत्पादकत्व प्रवर्द्धनमा सरकारका नीति, कार्यक्रम तथा बजेटको प्राथमिकता रहेको दाबी उहाँले गर्नुभयो। 'रोजगारी सृजना गर्न तथा आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनमार्फत व्यापार घाटा न्यूनीकरण गर्न विभिन्न नीतिगत एवं कानूनी सुधारका साथै व्यवसायमैत्री कानून बनाइएको छ,' उहाँले भन्नुभयो।

यसैगरी महँगी नियन्त्रणका लागि सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्री ओलीको उद्घोष छ। आम नागरिकको दैनिक जीवनसँग जोडिएका उपभोग्य सामग्रीको सहज आपूर्ति सुनिश्चित गर्न सरकार सक्रिय रहेको उहाँले बताउनुभयो। बजार अनुगमन नियमित सञ्चालन गर्दै कृत्रिम अभाव सृजना गर्नेविरुद्ध कारबाही गर्न विशेष पहल गरिएको उहाँले जानकारी दिनुभयो।

मुलुकमा औद्योगिक लगानीको वातावरण सुधार गरी लगानीमैत्री बनाउन, स्वदेशी लगानीलाई प्रोत्साहन गर्दै विदेशी लगानी आकर्षित गर्न, उत्पादन र उत्पादकत्व प्रवर्द्धनमा सरकारका नीति, कार्यक्रम तथा बजेटको प्राथमिकता रहेको प्रधानमन्त्री ओलीले उल्लेख गर्नुभयो।

प्रधानमन्त्री ओलीका अनुसार सरकारले दुर्गम क्षेत्रका नागरिकलाई अत्यावश्यक खाद्यवस्तु सहजै उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छ। बजारमा कृत्रिम अभाव सृजना गरेर मूल्यवृद्धि गर्ने प्रवृत्ति नियन्त्रण गर्न अनुगमन समितिलाई थप सक्रिय बनाइएको छ। उपभोक्ताको अधिकार संरक्षणका लागि भर्खरै उपभोक्ता अदालत स्थापना गरिएको भन्दै प्रधानमन्त्री ओलीले मूल्यवृद्धि नियन्त्रणमा सरकारको पहल प्रभावकारी बन्दै गएको बताउनुभयो।

प्रधानमन्त्री ओलीले कृषि उत्पादन वृद्धिका लागि अनुदान तथा सहुलियत ऋण प्रवाहलाई निरन्तरता दिइएको बताउनुभयो। यसबाट खाद्य आपूर्तिमा स्थिरता आउने, कृषि उत्पादनमा वृद्धि हुने, आयात प्रतिस्थापनमा सहयोग पुग्ने र मूल्य स्थिरता कायम रहने अपेक्षा गरिएको छ।

प्रधानमन्त्री ओलीले नेपाल-चीन सीमाका १४ परम्परागत व्यापारिक नाका पुनः सञ्चालनका लागि सन् २०१९ मै नेपाल-चीनबीच हस्ताक्षर भएको जानकारी दिनुभयो। सांसद भानुभक्त जोशीको प्रश्नको जवाफ दिँदै उहाँले चीनसँग सीमा जोडिएका जिल्लाका नेपाली नागरिकलाई आवागमन अनुमतिपत्र (प्रवेश-पास) उपलब्ध गराउने कार्यविधि, २०८१ कार्यान्वयनमा ल्याइएको बताउनुभयो। यस्तै बझाङस्थित उरै भञ्ज्याङ नाका सञ्चालनका लागि आवश्यक समन्वय भइरहेको उहाँको भनाइ छ।

प्रधानमन्त्री ओलीले विकाससम्बन्धी कार्यलाई एकीकृत रूपमा सञ्चालन गर्न आवश्यक व्यवस्था गरिएको बताउनुभयो। 'संविधानअनुसार कतिपय केन्द्रीय सरकारका कार्यहरू प्रदेश र स्थानीय तहमा गाभिएकाले सेवा प्रवाहका लागि डिभिजन कार्यालयहरूबाट काम भइरहेको छ,' उहाँले भन्नुभयो। विकाससम्बन्धी कार्य गर्ने कार्यालय बनाई सडक, खानेपानी, सिँचाइ तथा नदी नियन्त्रण, पूर्वाधार विकासलगायत कार्य एकीकृत रूपमा सञ्चालन गर्ने सम्बन्धमा आएका सुझावलाई उहाँले स्वागत गर्नुभयो।

यसैगरी मुलुकको पर्यटन प्रवर्द्धनका लागि हवाई सेवालाई सबल र प्रभावकारी बनाउन आवश्यक रहेको प्रधानमन्त्री ओलीले औंल्याउनुभयो। नेपाल वायुसेवा निगमको व्यवस्थापन सुधार गर्न व्यावसायिक कार्ययोजना निर्माण गरिएको जानकारी उहाँले दिनुभयो। उहाँका अनुसार पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन बोर्डको पुनःसंरचना गर्दै विदेशस्थित नेपाली दूतावास, पर्यटनदूत, एनआरएनए, विद्यार्थी तथा विभिन्न संस्थाहरूलाई परिचालन गरिएको छ।

प्रधानमन्त्री ओलीले मित्र राष्ट्रहरूबाट आउने पर्यटकको संख्या बढाउन विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन भइरहेको उल्लेख गर्नुभयो। पर्यटनसम्बन्धी कानून संशोधन तथा एकीकरण गर्ने विधेयक संघीय संसद्को यो अधिवेशनमा पेश गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो।

(राससको सहयोगमा)

सहकारीका गतिविधिबारे सचेत बनौं

- सहकारी कानूनको पालना गरौं,
- गैर सदस्यहरुसँग आर्थिक कारोवार नगरौं,
- एक परिवारका एक भन्दा बढी सदस्य एकैपटक सञ्चालक समितिमा नवसौं,
- सञ्चालकलाई सहकारीको कर्मचारीको रुपमा नराखौं,
- नियमित रुपमा सहकारी संस्थाको साधारण सभा र लेखापरीक्षण गराऔं,
- सहकारी संस्थाको सञ्चालन तथा कारोबारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं,
- आफ्नो सहकारी संस्थाको गतिविधिवारे सदस्यहरु सचेत बनौं ।

सहकारी मूल्यमान्यताको पालना गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

तीतोमीठो

भावनामा खेल र सत्तामा आऊ

मदन लम्साल

भर्खरै होली सकियो। होली कसैले पानीले खेले, कसैले रंगले त कसैले बिरंगले। मन भरंग भएकाहरूले चाहिँ आँसुले पनि खेले होला। कसै कसैले रगतकै पनि होली खेले होलान्। नेपालमा त्योभन्दा पनि बढी भावनासँग समेत होली खेलिन्छ। यस्तो होली त सधैं खेलिन्छ, होली पूर्णिमा पर्खन पर्दैन।

नेपालमा अर्थोक चल्दैन, राजनीति मात्र चल्छ। किनभने यो राजनीतिप्रधान देश हो। यहाँ राजनीति पनि भावनाप्रधान छ, जसमा लहड र सनकको मात्रा टन्न छ। फेरि भावना भन्ने कुरा नै एकदम संवेदनशील हुन्छ। जब भावनाहरू आहत हुन थाल्छन्, तब बगैंचामा नयाँ नयाँ फूल फुल्न थाल्छन्। जस्तै, मौरीको घारमा ढुंगा हान्दा मौरीहरू उडेर वातावरणमा छाइहाल्छन्, त्यसैगरी जनभावनालाई आहत गरिदियो भने पनि माहोल तात्तिन्छ, बलियो वातावरण बन्छ। जानकारहरू यसलाई जनभावनासँग खेलवाड गर्नु भन्छन्। तर यो मामुली काम चैं होइन है। जनसमूहको भावनासँग खेल्न राजनीतिक दक्षता चाहिन्छ, बोल्ने कला र मीठो गला पनि चाहिन्छ। केहीले त यसलाई बुद्धिमानी काम भन्छन्, कसैले बेइमानी पनि भन्लान्। जुत्ता खानेदेखि कसम खानेसम्म, जेल जानेदेखि झेल गर्नेसम्मको सामर्थ्य चाहिन्छ।

भावना जब जनताको हुन्छ, तब खेलवाड गर्नका लागि दूरदृष्टि र अनुभवको आवश्यकता पर्छ। धेरै दिनसम्म भावनाहरू आहत भएनन् भने यो काम पार्टीहरू आफैले नै शुरू गर्नुपर्ने हुन्छ। किनभने, अब त जनता अलि जागरुक र समझदार जो भइसकेका छन्। भावना आहत गर्ने मामलामा उनीहरू 'शक-प्रुफ' बन्दै गएका छन्। यो त राम्रो पनि हो। ग्यास, पेट्रोल, दाल, तेल महँगिएर यदि जनता आहत हुन थाले भने चुनावको बेलामा नेता देख्दा उनीहरूले झण्डा होइन, डण्डा उठाउन सक्छन् र भोटका लागि 'नोट' माग्न सक्छन्। अझ विदेशमा जस्तै मतपत्रमा 'नो नट अगेन' भन्ने प्रावधान भएको भए त्यै कोलममा चिह्न लगाउँथे होलान्। अहिले अर्को भावनाको लहर चलेको छ 'पुरानो राम्रो'। रानो नभएपछि पुरानो महक गयो भनेर रानोको महिमा गाउने रहर जागेको छ। उज्यालोमा बस्यो भने अँध्यारो प्यारो लाग्छ रे। तर अँध्यारो त अँध्यारै हो नि ? तर भावना उठेपछि सत्य कसले सुन्ने ?

तसर्थ, फर्मुला यही हो- चुनाव आउनासाथ जनभावनालाई चोट प्रहार गर वा यदि जनताको भावनामा पहिल्यै चोट पर्याप्त पुगिसकेको छ भने तुरुन्त चुनाव गर। नेताको काम भनेकै जनताको त्यही भावना आहत गराउनु हो, जुन पार्टीका लागि पनि धेरै फाइदाजनक हो। यसमा धर्मको, जातको, वर्गको, भूगोलको लगायत धेरै कुराहरूको ठूलो भूमिका हुन्छ। भावना भनेका पोल्ट्री फार्मका कुखुराझैं हुन्, जसलाई मार्नकै लागि पालिएको हुन्छ। सरकारहरू आउँछन्-जान्छन्, नेता जन्मन्छन्-मर्छन्, तर लोकतन्त्र चलिरहन जनता आहत हुने क्रम जारी रहनुपर्छ।

हाम्रो यो महान् लोकतान्त्रिक देश भूगोल वा जनसंख्याका हिसाबले महान् नहोला। ठीकै छ त। तर हामीसँग दुई चार दर्जन दलहरू छन्। अझ नेताहरू त दुई चार लाखै होलान्। डिनर टेबलमा सबै दलहरू करीब करीब एउटै टेबलमा सँगै मिलेर खाए पनि सत्तामा भने मुख्य दुई दलहरू नै आउछन्, जान्छन् अनि फेरि आउँछन्। ती दुई ठूला दल जसलाई तपाईं टप पार्टी र गफ पार्टी पनि भन्न सक्नुहुन्छ, गफ पार्टीलाई जनभावनासँग खेल्ने मास्टरी छ, त्यसैले यो जरोदेखि नै खेल्छ। टप पार्टी भने आफ्नो पुस्तैनी दौरासुरुवाल, कोट नभए खादिको इष्टकोटमा सजिएर रुखमा रमाएर बस्छ। तर उता गफ पार्टीले जनतासँग जति गफ लगाए पनि टप पार्टीले त्यति मतलब राख्दैन। किनकि 'भरे फेरि एकान्तमा' डिनर सँगै गर्ने योजना बनिसकेकै हुन्छ। कहिलेकाहीँ थर्ड पार्टी पनि फुत्त म्याजिक देखाउन आउँछ। म्याजिक देखाउन नसके ट्र्याजिक चाहिँ पक्कै देखाउँछ।

भावना भनेका पोल्ट्री फार्मका कुखुराझैं हुन्, जसलाई मार्नकै लागि पालिएको हुन्छ। सरकारहरू आउँछन्-जान्छन्, नेता जन्मन्छन्-मर्छन्, तर लोकतन्त्र चलिरहन जनता आहत हुने क्रम जारी रहनुपर्छ।

टप पार्टीको छलकपट, हानाहान र तानातानको केही अनुमन गर्न नसकिने भए पनि धर्मका विषयमा वा राजतन्त्रका विषयमा, व्यक्तिगत सम्पत्ति संरक्षणका विषयमा, सरकारी संस्थानहरू निजीकरणमा लाने विषयमा कमसेकम एउटा हदसम्म अनुमान गर्न सकिने खालको छ। तर जनता भने धर्म वा राजतन्त्रका विषयमा केही बोल्यो भने फ्याट्टै आहत भइहाल्छन्। त्यसैले टप पार्टीका लागि यो खेल सजिलो छैन। जसको भावना आहत नै हुँदैन। जस्तै, नास्तिक वा बुद्धिजीवीहरू, तिनलाई गफ पार्टीका समर्थकहरूले फेसबुक-ट्विटर-ह्वाट्सएपमा यति थुक्छन् कि उनीहरू आफ्ना झण्डा र डण्डा बोकेर कहाँ बिलाउँछन्, कसैलाई थाहै हुँदैन। मैदान सफा भइहाल्छ।

लोकतन्त्रमा आहत भावना भनेकै सत्ताको कुर्सी अगाडिको रेड कार्पेट हो। कसैको भावना कतै आहत भयो कि यताको नेतालाई सत्ताको कुर्सीतर्फ पाइला चाल्ने अवसर आइहाल्छ। त्यो रेड कार्पेटमा हिँड्ने नेताका खुट्टा गनाउने हिलोमा चुर्लुम्म डुबेको भए पनि त्यसको वास्ता कसैलाई हुँदैन।

उदाहरण लिऊँ न महिलाहरूकै। धेरैजसो महिलाहरूको भावना बहुकोणीय हुन्छ। उनीहरूसँग आहत हुनका लागि सयौं कोण हुन्छन्, बहाना हुन्छन्। जस्तै, एउटा कोण- श्रीमान्, सासू वा अन्य आफन्तहरूसँग आहत हुने। अर्को कोण- कसैको गाडी, साडी, राडी, गहना वा फेसन देखेर आहत हुने। यस्तै अन्य धेरै कोणहरू पनि छन्। र, आहत हुनका लागि महिलाहरू कुनै अवसर चैं छाड्दैनन्।

बजेट आउनुअघि नै महिलाहरू आहत हुन थाल्छन्। अर्थमन्त्रीलाई यो राम्रोसँग थाहा छ। त्यसैले उनी चतुर रणनीति अपनाउँछन्, सेनेटरी प्याड, चुरा, टीका, बिन्दीलाई करमुक्त घोषणा गर्छन्, ग्यासको मूल्य चार रुपैयाँ नब्बे पैसा घटाइदिन्छन्, अनि देशभरका महिलालाई 'तिमीहरूको भावना जोगाइयो' भनेर एक ठूलो उपकारको टोकरी सुम्पिन्छन्। सरकारको 'हामीले महिलाको भावना ख्याल गऱ्यौं' भन्ने घोषणासँगै महिलाहरू खुशी भएर त्यो खोटो सिक्का पनि पर्समा राखेर साँच्न थाल्छन्।

जनभावना भनेकै त्यस्तो सिक्का हो, जसको दुवैतिर टाउको अर्थात् हेड नै हुन्छ। अथवा यसरी फर्के पनि तपाईंकै, उसरी फर्के पनि तपाईंकै। जसले जनभावना धेरै आहत गराउँदै मलम लगाउँदै गरेको देखाउन सक्यो, सत्ता उसैको हुन्छ। त्यसैले तपाईं पनि सत्तामा आउन चाहनुहुन्छ भने जनताका भावनामा खेल्न थाल्नुस्, जान्नुभएको छैन भने सिक्न थालिहाल्नुस् है।

वाणिज्य बैंकहरूमा थुप्रियो साढे ६ खर्ब लगानीयोग्य पूँजी



काठमाडौं (अस)। नेपालका वाणिज्य बैंकहरूसँग मात्र करीब साढे ६ खर्ब लगानीयोग्य पूँजी (तरलता) थुप्रिएको छ। निक्षेपको तुलनामा कर्जाको विस्तार नहुँदा बैंकहरूसँग तरलता बढेको हो।

फागुनसम्ममा वाणिज्य बैंकहरूको औसत कर्जा निक्षेप अनुपात (सीडी रेशियो) ७९ दशमलव २९ प्रतिशत रहेको नेपाल बैंकर्स संघको तथ्यांक छ। केन्द्रीय बैंकको प्रावधान अनुसार बैंक तथा वित्तीय संस्थाहरूको सीडी रेशियोको अधिकतम सीमा ९० प्रतिशत रहेको छ, जसअनुसार वाणिज्य बैंकहरूसँग अझै ६ खर्ब ४६ अर्ब रुपैयाँ थप कर्जा विस्तारको क्षमता छ।

सीडी रेशियोको अधिकतम सीमा ९० प्रतिशतको अर्थ बैंकहरूले एक सय रुपैयाँ निक्षेप संकलन गर्दा ९० रुपैयाँसम्म कर्जा प्रवाह गर्न सक्छन्। तर, हाल बैंकहरूले १०० रुपैयाँ संकलन गर्दा ७९ रुपैयाँ २९ पैसा मात्र कर्जा प्रवाह गरेका छन्।

बैंकर्स संघका प्रमुख कार्यकारी अधिकृत अनिल शर्मा बैंकमा कर्जाको माग कम हुँदा तरलता बढ्दै गएको बताउँछन्। 'रेमिट्यान्स आप्रवाह उच्च हुँदा निक्षेप बढे पनि त्यसअनुसार कर्जा प्रवाह हुन सकेको छैन,' उनले भने, 'त्यसैले पनि बैंकमा तरलता बढिरहेको छ।' पछिल्ला महीनाहरूमा कर्जाको प्रवाहमा केही वृद्धि भए पनि बैंकको क्षमता अनुसार माग नभएको उनले उल्लेख गरे।

संघका अनुसार राष्ट्रिय वाणिज्य बैंकको सीडी रेशियो सबैभन्दा कम ६३ दशमलव ८६ प्रतिशत कायम हुँदा माछापुच्छ्रेको सबैभन्दा बढी ८५ दशमलव ६५ प्रतिशत रहेको छ।

चालू आर्थिक वर्षको फागुनसम्ममा वाणिज्य बैंकहरूले ६० खर्ब ३७ अर्ब रुपैयाँ निक्षेप संकलन गरी ४८ खर्ब ५० अर्ब कर्जा प्रवाह गरेका छन्। गत आवको असारको तुलनामा चालू आवको ७ महीनामा वाणिज्य बैंकहरूले २ खर्ब ८२ अर्ब रुपैयाँ निक्षेप संकलन गर्दा २ खर्ब ७९ अर्ब रुपैयाँ कर्जा प्रवाह गरेका छन्। माघको तुलनामा फागुनमा ३९ अर्ब ९९ करोड निक्षेप संकलन गर्दा २२ अर्ब ७४ करोड कर्जा प्रवाह गरेका छन्।

चालू आवको ७ महीनामा वाणिज्य बैंकहरूमध्ये एनआईसी एशियाको मात्र निक्षेप ६१ करोड ८६ लाख रुपैयाँले घटेको छ। यसैगरी यस अवधिमा तीनओटा बैंकको कर्जा प्रवाह घट्दा एनआईसी एशियाको सबैभन्दा बढी ३५ करोड ४३ लाख घटेको बैंकर्स संघको तथ्यांक छ। राष्ट्र बैंकको तथ्यांक अनुसार मंगलवारसम्म बैंक तथा वित्तीय संस्थाले ६७ खर्ब ५२ अर्ब निक्षेप संकलन गरी ५४ खर्ब ५५ अर्ब कर्जा प्रवाह गरेका छन्। बैंक, वित्तीय संस्थाको औसंत सिडी रेशियो ७९ दशमलव ५२ प्रतिशत मात्र कायम भएकाले अझै ७ खर्ब १३ अर्ब रुपैयाँ कर्जा विस्तार गर्ने क्षमता छ।

जीवा लामिछानेको 'अक्षत अन्टार्कटिका' लोकार्पण

काठमाडौं (अस)। व्यवसायी एवं लेखक जीवा लामिछानेको नयाँ नियात्रा पुस्तक 'अक्षत अन्टार्कटिका' लोकार्पण गरिएको छ। काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा बुधवार लेखक तथा पत्रकार तथा वसन्त बस्नेत र लेखक लामिछानले उक्त पुस्तक संयुक्त रूपमा लोकार्पण गरेका हुन्। लामिछानेले आफूले अन्टार्कटिका घुम्दाको अनुभव पुस्तकमा समेटेको बताए।



लामिछानेले १२ दिनसम्म अन्टार्कटिका घुमेका थिए, जहाँ हिउँबाहेक अरू केही देखिँदैन। हिउँको साम्राज्य अन्टार्कटिकाको रहस्यमय यात्रा गरेका लामिछानेले अन्टार्कटिका घुम्ने व्यक्ति र लेखिएका पुस्तकमाथि अध्ययन गर्ने क्रममा पहिलोपटक अन्टार्कटिका पुगेका नेपाली भुवनसिं विश्वकर्मा रहेको बताए। २०औं शताब्दीमा अत्यन्त दोहन गरिएको अन्टार्कटिकालाई अहिले रुस र अमेरिकाजस्ता देशले संरक्षण गरी पर्यटक भित्र्याउन थालेको बारेमा पनि लेखक लामिछानेले चर्चा गरे।

मस्को स्टेट युनिभर्सिटी अफ सिभिल इन्जिनियरिङमा स्नातकोत्तर गरेका लामिछाने गैरआवासीय नेपाली संघका संस्थापक सदस्य एवं पूर्वअध्यक्ष पनि हुन्।

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर